# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २४३ | काठमाडौं | शुक्रबार, १८ पुस २०८२ | Prabhab National Daily | Friday, 2 January 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


महाधिवेशन नथाल्दा कांग्रेसमा कलह

## दुई महामन्त्रीले बोलाए विशेष महाधिवेशन

- नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको मंसिर १५ गते सम्पन्न बैठकले निर्धारण गरेको नियमित महाधिवेशनको कार्यतालिका आगामी बैठकबाट अनुमोदन गर्ने गरी स्थगित गरिएको दुई महामन्त्रीबाट निर्णय
- विशेष महाधिवेशन गर्ने गरी काठमाडौंको भृकुटीमण्डपमा पुस २७ र २८ गतेका लागि हल बुक



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले पार्टीको विशेष महाधिवेशन आह्वान गरेका छन् । बिहीबार महामन्त्रीद्वय थापा र शर्माले पुस २७ र २८ गते काठमाडौंको भृकुटीमण्डममा गर्ने गरी विशेष महाधिवेशनको आह्वान गरेका हुन् ।

नियमित महाधिवेशन शुरु नभएपछि महामन्त्रीद्वयले विशेष महाधिवेशन डाकेको कांग्रेस केन्द्रीय सदस्य प्रतिमा गौतमले बताइन् । विशेष महाधिवेशनका लागि पुस २७ र २८ गते भृकुटीमण्डपमा हल बुक भइसकेको गौतमले बताइन् । 'दुई दिनका लागि हल बुकिङ भइसकेको छ,' केन्द्रीय सदस्य गौतमले भनिन् ।

कांग्रेसले यसअघि गत मंसिर १५ गते पुस २६ - २८ गते गर्ने गरी नियमित महाधिवेशनको कार्यतालिका ल्याएको थियो । यो कार्यतालिकाअनुसार बुधबारबाट वडा अधिवेशन शुरु हुनुपर्ने थियो । तर कांग्रेसले न त अधिवेशन थाल्यो न त स्थगित भएको सूचना नै दियो । बरु मंगलबार सभापति शेरबहादुर देउवाले महाधिवेशनबारे निरपेक्ष जवाफ दिए - जेसुकै गरुन् । संस्थापनमात्र हैन संस्थापनइतरकै नेताहरू उनको पिछ्लग्गु बनेसँगै देउवाले १५औं महाधिवेशनलाई अन्योलमा राखेका छन् ।

यसरी महाधिवेशन अन्योल बनेको अवस्थामा दुई महामन्त्री थापा र शर्माले नियमित महाधिवेशन स्थगित गरी विशेष महाधिवेशन डाकेका हुन् । 'नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको मंसिर १५ गते सम्पन्न बैठकले निर्धारण गरेको नियमित महाधिवेशनको कार्यतालिका आगामी बैठकबाट अनुमोदन गर्ने गरी स्थगित गरिएको जानकारी गराइन्छ,' बिहीबार दुई महामन्त्रीले संयुक्त रूपमा जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

दुई महामन्त्रीले अब विशेष महाधिवेशनको मागलाई सम्बोधन गर्न केन्द्रीय कार्यालयको जिम्मेवारी भएको जनाएको छ । विशेष महाधिवेशन पक्षधरले पुस २७ र २८ गतेका लागि काठमाडौंको हल बुकिङ गरिसकेको जनाएको छ । यसका लागि पार्टीका तर्फबाट रमेश धमलाले समाज कल्याण परिषद् भृकुटीमण्डप व्यवस्थापन विभागमा निवेदन दिइसकेका छन् ।

नियमित महाधिवेशन हुन नसकेको अवस्थामा पार्टी विधानको दफा १७ (२) बमोजिम विशेष महाधिवेशनसम्बन्धी मागलाई सम्बोधन गर्नु केन्द्रीय कार्यालयको जिम्मेवारी हो । 'केन्द्रीय महाधिवेशनका ४० प्रतिशत सदस्यहरूले केन्द्रीय महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्र समक्ष लिखित अनुरोध गरेमा' विशेष महाधिवेशन बोलाउनुपर्ने यो दफामा उल्लेख व्यवस्था छ । विशेष महाधिवेशनका लागि प्रतिनिधि अघिल्लो महाधिवशनकै हुनेछन् ।

क्रमशः पृष्ठ २ मा

## नागरिक सरकार रास्वपाको कब्जामा

- ऊर्जा, भौतिक र सहरी विकाससहित तीन मन्त्रालयको नेतृत्व सम्हालेका मन्त्री कुलमान घिसिङ रास्वपाका उपसभापति
- नागरिक सरकार निर्माणको भूमिकामा 'किङमेकर' मानिएका काठमाडौं महानगरका मेयर बालेन्द्र साह बालेन आउँदो प्रतिनिधि सभामा रास्वपाबाट प्रधानमन्त्रीका उम्मेदवार
- प्रधानमन्त्री कार्कीकै जनसम्पर्क सल्लाहकार गोविन्द नारायण रास्वपाको समानुपातिक उम्मेदवारको बन्दसूचीमा



■ जेबी योञ्जन

**काठमाडौं–** जेन-जी विद्रोहको पृष्ठभूमिमा गठन भएको सुशीला कार्की नेतृत्वको नागरिक सरकार दलीयकरणको दिशामा अघि बढेको छ । २७ भदौमा गठित गैरदलीय कार्की सरकारले सुरुमा चुनावी र प्रशासनिक तटस्थताको दाबी गर्दै आएको थियो ।

तर, साढे तीन महिनामा नागरिक सरकारको श्रेष्ठता कायम राख्न सकेन । कारण, सरकारका केही मन्त्री राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा खुल्नु ।

ऊर्जा, भौतिक र सहरी विकाससहित तीन मन्त्रालयको नेतृत्व सम्हालेका मन्त्री कुलमान घिसिङ रास्वपाका उपसभापति बनेका छन् । तर, कुलमानलाई रास्वपाले औपचारिक पार्टी प्रवेश भने गराएको छैन । रास्वपाको आधिकारिक वेबसाइटमा पनि घिसिङको नाम र पद राखिएको छैन । राजनीतिक वृत्तमा अहिलेको नागरिक सरकार बालेनकै पहल र रणनीतिअनुसार बनेको भन्ने चर्चा छ । नेपाली सेनासँग वार्ता, संसद् विघटन र सुशीला कार्कीलाई प्रधानमन्त्री बनाउने निर्णयहरू समेत बालेनको रोडम्यापअनुसार अघि बढेको दाबी गरिन्छ ।

बालेनलाई रास्वपाले फागुन २१ गतेको निर्वाचनमा प्रधानमन्त्रीको उम्मेदवारको रूपमा अघि बढाएको छ । यद्यपि उनलाई पनि रास्वपामा प्रवेश गराएको छैन । त्यसरी बनेको सरकारका सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल त रास्वपाबाट ललितपुरको कुनै क्षेत्रमा निर्वाचन लड्ने तयारीमा रहेको चर्चा छ । उनले यही १४ पुसको बिहानै रास्वपा सभापति रवि लामिछाने र तत्कालीन उज्यालो नेपाल पार्टीका संरक्षक कुलमानबीच पार्टी एकताको समझदारी भएपछि हर्ष प्रकट गरेका थिए । 'नयाँ दिन, नयाँ सुरुवात, सुन्दर र समृद्ध नेपालको सपना, गन्तव्य तय हुँदैछ,' उनले फेसबुकमा लेखेका थिए ।

युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ता स्पष्ट रूपमा रास्वपासँग जोडिएका छन् । उनी बालेनका कोर टिमका सदस्य हुन् । बालेन नै रास्वपामा आएपछि उनको रास्वपासँगको दलीय सम्बन्ध स्वाभाविक मानिएको छ ।

क्रमशः पृष्ठ २ मा

### रास्वपाको पहिलो प्रदेश सांसद जोशी

तीन वर्षअघिको प्रदेशसभा निर्वाचनमा प्रत्यक्ष र समानुपातिक दुवै प्रणालीतर्फ उम्मेदवारी नदिएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रदेशसभामा औपचारिक उपस्थिति भएको छ । सुदूरपश्चिम प्रदेशसभा सदस्य डा. ताराप्रसाद जोशी रास्वपामा समाहित भएसँगै पार्टीले पहिलोपटक प्रदेशसभामा प्रतिनिधित्व पाएको हो ।

डडेल्धुरा प्रदेशसभा क्षेत्र (ख) बाट स्वतन्त्र उम्मेदवारका रूपमा निर्वाचित डा. जोशी यसअघि उज्यालो नेपाल पार्टीमा आबद्ध थिए । उक्त पार्टी हालै रास्वपासँग एकीकरण भएपछि जोशी स्वतः रास्वपाका सांसद बनेका हुन् । रास्वपाले प्रदेशसभा निर्वाचनमा भाग नलिएको र प्रदेश संरचनामाथि आवश्यक सुधारको धारणा सार्वजनिक रूपमा राख्दै आएको पृष्ठभूमिमा प्रदेश सांसदको रूपमा पार्टीमा आबद्ध हुनु अर्थपूर्ण राजनीतिक घटनाका रूपमा हेरिएको छ ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

## इपिएस शाखामा दोस्रो दिन पनि घेराउ

आन्दोलनरत मोरङ रङ्गेलीका राजेश लामाको कृषि तथा पशुपालतर्फको रोस्टर अवधि आउँदो फेब्रअरी १० मा सकिँदैछ । यति समयमा कुनै पनि कम्पनीमा किन फाइल पुगेन भन्ने जवाफ इपिएससँग छैन



■ ममता थापा

**काठमाडौं–** कोरिया जान पाउनुपर्ने माग राख्दै भाषा परीक्षा पास गरेकाहरूले बिहीबार पनि आन्दोलनलाई निरन्तरता दिएका छन् । भाषा परीक्षा पास भएकामध्य कम्तिमा पनि ९० प्रतिशतको कोरिया जाने सुनिश्चितता हुनुपर्ने र रोस्टर अवधि सकिएकाको म्यादथप गरेर भएपनि लग्नुपर्ने माग राख्दै दोस्रो दिन पनि उनीरुले इपिएस शाखा घेराउ गरेका छन् ।

सन् २०२२मा परीक्षा पास भएकाहरूको रोस्टर अवधि सकिन थालेको छ । केहीको भने डिसेम्बरसम्म बाँकी छ । कसैको फाइल कम्पनीमा १० चोटिसम्म पुग्दा कसैको एक पटक पनि नपुगि दुई वर्ष सकिएको भन्दै उनीहरू आक्रोशित छन् । कोरिया जान पाइएला भन्दाभन्दै आफूहरूको वर्षौंदेखिको सपना, लामो प्रयास र प्रतिक्षा त्यसै खेर गएको पीडित युवाहरूको दाबी छ । हजारौं युवाहरूको यति लामो समय खेर गइरहँदा पनि सरकारले बेवास्ता गरेको उनीहरूले बताएका छन् । सरकारले आश्वासन मात्र दिँदै आएको र आफूहरूलाई आश्वासन नभइ परिणाम चाहिएको उनीहरूले बताएका छन् ।

आन्दोलनरत मोरङको रङ्गेलिका राजेश लामाको कृषि तथा पशुपालतर्फको रोस्टर अवधि आउँदो फेब्रअरी १०मा सकिँदैछ । यति समयमा कुनै पनि कम्पनीमा किन फाइल पुगेन भन्ने जवाफ इपिएससँग नभएको उनले बताए ।

'म एग्रिकल्चरमा २०२२मा पास भएको हो । अहिलेसम्म एक चोटि पनि कम्पनीमा फाइल गएको छैन । रोस्टर अवधि यही फेब्रअरी १०मा सकिँदैछ,' लामाले भने, 'रोस्टरमा किन फाइल पुगेन भनेर इपिएससँग पनि जवाफ नै छैन । हाम्रो समस्या समाधान गर्न सरकारले के कसरी हुन्छ कोरियालाई रिझाउनपर्‍यो ।'

फेब्रुअरीबाट रोस्टर नै खाली हुने स्थितिमा पास गरेकाहरूमा म्यादथप गरेर लग्नुपर्ने र माग सुनुवाइ नहुन्जेलसम्म आन्दोलन जारी राख्ने युवाहरूको भनाइ छ । बुधवारबाट आन्दोलनमा उत्रिएका परिक्षार्थीहरू त्यस दिन पनि रातको नौ बजेसम्म ईपिएसमै बसेका थिए ।

क्रमशः पृष्ठ २ मा

## सरकारसँग दुर्गा प्रसाईंको 'बार्गेनिङ' जारी

हाम्रा मागहरु सम्बोधन नभए चुनावमा जाँदैनौं, हुन पनि दिन्नौं

■ दुर्गा प्रसाईं
संयोजक, नागरिक बचाउ महाअभियान



■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकार र दुर्गा प्रसाईं नेतृत्वको समूहबीच पटकपटक भएको वार्ता निष्कर्षविहीन भएपछि देशमा राजनीतिक संकट थप गहिरिने चिन्ता बढेको छ । प्रसाईंले आफ्ना २७ बुँदे माग सम्बोधन नभए आन्दोलन चर्काउने चेतावनी दिँदै प्रतिनिधिसभा निर्वाचन हुन नदिने अभिव्यक्ति दिएका छन् ।

प्रधानमन्त्री सुशीला कार्कीसँगको बिहीबारको भेटपछि प्रसाईंले कडा अडान सार्वजनिक गरेका हुन् । 'हाम्रा मागहरू सम्बोधन नभए चुनावमा जाँदैनौं, हुन पनि दिन्नौं,' उनले प्रधानमन्त्रीसँगको भेटवार्तापछि प्रभावसँग भने ।

प्रसाईं नेतृत्वको समूहले गणतन्त्र उल्टाउने, संविधान खारेज गर्ने र संघीय संरचना समाप्त गर्ने मागसहित २७ बुँदे मागपत्र यसअघि नै गृहमन्त्री ओमप्रकाश अर्याललाई बुझाइसकेको छ । माग कार्यान्वयनका लागि उनले निरन्तर दबाब बढाउँदै आएका छन् ।

प्रधानमन्त्री कार्कीले भने संवादमार्फतै निकास खोज्नुपर्ने भन्दै प्रसाईंलाई वार्तामा बोलाउँदै आएकी छन् । बिहीबार पनि उनीहरूबीच छलफल भयो । तर, सहमति नजुटेपछि प्रसाईं पुनः सरकारविरुद्ध आक्रामक रूपमा प्रस्तुत भएका छन् ।

'हाम्रो माग पूरा भयो भने यिनैलाई समर्थन गर्छौं, माग पूरा नभए आन्दोलनमा जान्छौं र यिनीहरूलाई फ्याँक्छौं,' उनले चेतावनीको भाषामा भने ।

प्रसाईं समूहले हालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान खारेज गरी २०४७ सालको संविधान ब्युँताउनुपर्ने एजेन्डा अघि सारेको छ । साथै, हिन्दू अधिराज्य र राजसंस्था पुनर्स्थापनाको विषय जनमत संग्रहबाट टुंग्याउनुपर्ने माग गरेको छ । प्रदेश संरचनालाई 'सेतो हात्ती' संज्ञा दिँदै खारेज गरी पुरानै पाँच विकास क्षेत्र, १४ अञ्चल र ७५ जिल्ला कायम गर्नुपर्ने अडान लिएको छ ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमश:

### नागरिक...

यस्तै, अरू केही मन्त्री पनि रास्वपासँग खुल्ने सम्भावना रहेको चर्चा सुनिन्छ । प्रधानमन्त्री कार्की स्वयं यसअघि वैकल्पिक शक्तिको पक्षमा थिइन् । उनको राजनीतिक निकटता रास्वपासँग भएको टिप्पणी भइरहेको छ । यसले नागरिक सरकारको मूल उद्देश्य आगामी प्रतिनिधिसभा निर्वाचनमा निष्पक्षता कायम गर्नु भन्ने धारणालाई कमजोर बनाएको छ । राजनीतिशास्त्री डा. भेषराज घिमिरेले यसबारे कडा शब्दमा टिप्पणी गरेका छन् । उनले प्रभावसँग भने, 'जसलाई लमी छान्यौं, उसैले बेहुलो बन्ने इच्छा गरे ।'

उनले नागरिक सरकारको विश्वसनीयता कमजोर भएको पनि बताए । उनका अनुसार नागरिक सरकार तोकिएको समयमा तटस्थ रहेर निर्वाचन गर्न प्रतिबद्ध हुनुपर्छ । तर, मन्त्रीहरू रास्वपामा जान रस्साकस्सी गर्दा उनीहरूका व्यक्तिगत र राजनीतिक जीवनप्रति राम्रो चरित्रचित्रण नहुने डा. घिमिरे बताउँछन् ।

नागरिक सरकारका मन्त्रीहरू दलीय राजनीतितर्फ उन्मुख देखिन थालेपछि सरकारको तटस्थता र विश्वसनीयताबारे बहस चर्किएको छ । नागरिक सरकार संक्रमणकालीन, गैरदलीय र निर्वाचन-केन्द्रित हुने दाबीका बीच बढ्दो दलीय संलग्नताले आगामी दिनमा थप राजनीतिक बहस जन्माउने देखिएको छ ।

कतिसम्म भने प्रधानमन्त्री कार्कीकै जनसम्पर्क सल्लाहकार गोविन्द नारायण रास्वपाको समानुपातिक उम्मेदवारको बन्दसूचीमा छन् । उनी खस-आर्यतर्फ आठौं नम्बरमा छन्, सूचीको पूच्छारमा नाम रहेकोले उनको सांसद बन्ने सम्भावना भने न्यून छ । तर, वर्तमान सरकारमा स्पष्ट छायाँ रास्वपाको देखिएको भन्दै राजनीतिकवृत्तमा विरोधका स्वरहरू सुनिएको छ । यस्तोमा प्रश्न उठेको छ- निर्दलीय सरकारका मन्त्रीहरूले के खुलेआम दलमा आबद्ध भएर राजनीति गर्न मिल्छ ? यसबारे सरकारका मन्त्रीहरूले जवाफ दिएका छैनन् ।

■■■

### रास्वपाको...

यसबारे स्पष्ट पार्दै जोशीले रास्वपा प्रदेश वा संघीयताको विरोधी नभएको दाबी गरेका छन् । उनले प्रभावसँग भने, 'रास्वपाले आफ्नो दस्तावेजमा प्रदेशमा प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री भनेको छ, त्यसको अर्थ प्रदेश चाहिँदैन भन्ने त लाग्दैन होला । संघीयता विरोधी भनिँदैन होला ।'

उनलाई पार्टी सभपाति रवि लामिछानेले दल खोलेको केही महिनामै निर्वाचनमा जानुपर्दा उम्मेदवार छनोट गर्न नसकिएको र त्यही भएर प्रदेशमा प्रतिस्पर्धा गर्न नपाएको भनेको पनि सुनाए ।

■■■

### दुई महामन्त्रीले...

कांग्रेसमा विशेष महाधिवेशन माग्दै गत असोज २९ गते २ हजार ४८८ महाधिवेशन प्रतिनिधि अर्थात ५४ प्रतिशतले हस्ताक्षर बुझाएका थिए ।

#### संस्थापन र शेखरको दाबी : विशेष महाधिवेशनको तुक छैन

कांग्रेस संस्थापनइतरका नेता डा शेखर कोइराला भने अहिलेको अवस्थामा विशेष महाधिवशेन सम्भव नभएको बताउँछन् । कार्यविधि स्पष्ट नभएकोले विशेष महाधिवेशन गर्न नसकिने कोइराला बताउँछन् । 'कसले गर्ने विशेष महाधिवेशन ? कार्यविधि चाहिएला नि ? केन्द्रीय समितिले डिसिजन गर्न पर्ला नि ?' कोइरालाले प्रश्न गरे ।

आफू नियमित महाधिवेशन पक्षमा भए पनि गगन नेतृत्वको क्रियाशील व्यवस्थापन समितिले काम नगर्दा नै ढिलाइ भएको कोइरालाको दाबी रह्यो । 'क्रियाशील कसले जिम्मा लिएको छ? त्यो कसले पुरा गरेन । नवीकरण ९ वटा जिल्लाबाट आएको छैन । नयाँ क्रियाशील कसले सिरियल नम्बर नै नहाली पठाएको ? यसकारण ढिला भएको हो नि,' कोइराला भन्छन् ।

कांग्रेस सहमहामन्त्री महेन्द्र यादव केन्द्रीय समितिको निर्णय महामन्त्रीद्वयले उल्ट्याउन नसकिने बताए । 'केन्द्रीय कार्यसमितिको निर्णय सभापतिले पनि उल्टाउन मिल्दैन,' सहमहामन्त्री यादव भन्छन् । केन्द्रीय समितिको निर्णय महाधिवेशन र महासमितिलेमात्र उल्ट्याउन सक्ने यादवको तर्क रह्यो ।

कांग्रेस संस्थापनका नेताहरू निर्वाचनको मुखमा महाधिवेशन गर्न नसकिने बताउँछन् । नियमित महाधिवेशनबारे चाँडै निर्णय आउने कांग्रेस प्रवक्ता डा प्रकाशशरण महत बताउँछन् । प्रतिनिधि सभाका निर्वाचनलगत्तै महाधिवेशन गरेर अघि बढ्न सकिने प्रवक्ता महतको तर्क छ । 'निर्वाचनको लगत्तै प्रक्रिया सुरु गरेर नयाँ नेतृत्व चुन्नु नै पार्टीको हितमा हुन्छ । अहिले विशेष महाधिवेशन भनेर हल्ला गर्नुको तुक छैन,' महतले भने । महामन्त्रीद्वयले विशेष महाधिवेशनको दबाब दिएसँगै आजै ३ बजे बस्ने गरी कांग्रेसले केन्द्रीय कार्यसम्पादन समितिको बैठक बोलाएको छ । आजको बैठकमा पछिल्लो कलहबारे छलफल हुने बताइएको छ ।

■■■

### इपिएस शाखामा...

सन् २०२५ का लागि एक लाख ६३ हजार जना परीक्षामा सहभागी भएकोमा १७ हजार ३० जनाभाषा परीक्षामा उत्तीर्ण भएका थिए । तीमध्य अधिकांशले कोरिया जान पाएका छैनन् । भाषा परीक्षा पास गरेका १२हजारभन्दा बढी रोस्टरमै रहेको बताइएको छ ।

#### श्रम मन्त्रीसँग वार्ता

आन्दोलित परिक्षार्थिहरूले बिहिवार श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीसँग पनि वार्ता गरेका छन् । मन्त्री भण्डारीले उनीहरूका मागहरू सुनेपछि आफूहरूले गर्नसक्ने जति गर्ने आश्वासन दिएका छन् । उनीहरूले राखेका मागमाथि मन्त्रालयमा छलफल गरेर समाधानको प्रयत्नगर्ने बताएको प्रवक्ता पिताम्बर घिमिरेले बताए । 'उहाँहरूका मागहरू सकारात्मक छन् । कतिपय कुराहरू मित्रराष्ट्रसँग कूटनीतिक माध्यमबाट राख्नुपर्ने हुन्छ । समाधान गर्नसक्ने हामी समाधान गर्छौं,' घिमिरेले भने, 'हामीले आश्वासन दिनेमात्र होइन द्विपक्षीय विषय भएकाले कूटनीतिक पहलमार्फत समाधानगर्न प्रयत्न गर्छौं ।'

यद्यपि कति रोजगारी दिने भन्ने रोजगारदाताको विषय भएकाले परिक्षार्थीहरूले भनेजस्तो पास गरेका सबै जान पाउनुपर्छ भन्ने विषय जटिल रहेको उनले बताए । यद्यपि मन्त्रालयले पीडित युवाहरूको हितमा हुनेगरी कुराहरू राख्ने उनको भनाइ छ ।

सरकारले युवाहरूको समस्या बुझिसकेकाले सडकबाट दबाब दिन आवश्यक नरहेको र आन्दोलन रोक्नसमेत आग्रह गरेको छ । अंग्रेजी नयाँ वर्ष र अन्य सर्वजनिक बिदाका कारण केही दिनमामात्र निर्णय आउने बुझिएको छ ।

■■■

### सरकारसँग...

त्यसैगरी, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री, बैंक तथा वित्तीय प्रणाली सुधार, ऋण मिनाहा र ब्याज सहुलियत, भ्रष्टाचार नियन्त्रणलगायतका माग पनि अघि सारेका छन् । यसबाहेक आफू र आफ्ना समर्थक तथा जेन-जी विद्रोहको क्रममा विध्वंशमा पक्राउ परेकाहरूमाथि लागेको मुद्दा फिर्ता लिन सरकारलाई दबाब दिइरहेका छन् ।

सरकारले भने दीर्घकालीन प्रभाव पार्ने यस्ता राजनीतिक विषयमा चुनावी सरकारले निर्णय लिन नमिल्ने स्पष्ट पारेको छ । सरकारका एक मन्त्रीले भने, 'दुर्गाजीका मागहरू राजनीतिक दलहरूबीच बृहद् सहमति बिना सम्भव छैन । चुनावी सरकारले त गर्न सक्ने कुरै भएन ।'

साढे तीन वर्षअघिसम्म गणतन्त्रको पक्षमा देखिएका प्रसाईं अहिले राजतन्त्र पुनर्स्थापनाको अग्रपंक्तिमा उभिएका छन् । जेन-जी विद्रोहपछि नेपाली सेनासँग संवादमा रहेर आफ्नो राजनीतिक हैसियत उकासेका उनी अहिले चुनावी सरकारकी प्रधानमन्त्रीसँग वान-टु-वान बार्गेनिङको अवस्थामा पुगेका छन् ।

गत महिना बसेको केन्द्रीय सुरक्षा समितिको बैठकले समेत प्रसाईं र उनको समूहलाई आगामी निर्वाचनका लागि सम्भावित चुनौतीका रूपमा औंल्याएको छ ।

■■■

## नख्खु कारागारबाट भागेका ३० प्रतिशत कैदीबन्दी सम्पर्कविहीन

**ललितपुर (प्रस)**– ललितपुरस्थित नख्खु कारागारबाट जेन-जी आन्दोलनको क्रममा फरार भएका कैदीबन्दीमध्ये ३० प्रतिशत अझै सम्पर्कमा आएका छैनन् । गत भदौ २४ गते नख्खु कारागारमा भएको घटनापछि विभिन्न मुद्दामा दोषी ठहर भई सजाय भोगिरहेका एक हजार २८० जना कैदीबन्दी फरार भएका थिए ।

कारागार प्रशासनका अनुसार हालसम्म तीमध्ये ७० प्रतिशत कैदीबन्दी स्वेच्छाले वा सुरक्षा निकायको समन्वयमा कारागार फर्किसकेका छन् भने बाँकी ३० प्रतिशत अझै फरार अवस्थामा छन् । नख्खु कारागारका प्रमुख दीर्घराज उपाध्यायका अनुसार फरार कैदीबन्दीको खोजी कार्य निरन्तर जारी छ । उनले भने, 'फरार कैदीबन्दीको खोजी नेपालभित्र मात्र नभई मुलुकबाहिरसम्म पनि भइरहेको छ । कानुनअनुसार सबै फरार कैदीबन्दीलाई कारागार फर्काउने अभियानमा हामी सक्रिय छौं ।'

## भू-क्षय रोक्न स्याली नदीमा तटबन्ध निर्माण

**कञ्चनपुर–** शुक्लाफाँटा नगरपालिका-६ करौलमा भू-क्षय नियन्त्रणका लागि स्याली नदीमा तटबन्ध निर्माणका तीनवटा आयोजना अघि बढाइएका छन् । योसँगै नदीका विभिन्न खण्डमा तटबन्ध निर्माण तीव्र रूपमा भइरहेको छ ।

शुक्लाफाँटा-६ का वडाध्यक्ष दानसिंह ऐरका अनुसार जनताको तटबन्ध कार्यालयमार्फत ८० लाख रूपैयाँ लागतमा १५० मिटर, संघीय आयोजनाअन्तर्गत पाँच लाख रूपैयाँ लागतमा २५ मिटर र प्रदेश सरकारको आयोजनाअन्तर्गत १५ लाख रूपैयाँ लागतमा ५० मिटर तटबन्ध निर्माण भइरहेको छ ।

टोटी नालामा १० लाख रूपैयाँभन्दा बढीको लागतमा करिब ४० मिटर तटबन्ध निर्माणको तयारी गरिएको उनले जानकारी दिए । वडाध्यक्ष ऐरले वर्षाका बेला तीव्र भू-क्षय हुँदै आएको क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी तटबन्ध निर्माण अघि बढाइएको बताउँदै दोस्रो प्राथमिकतामा सार्वजनिक जग्गा तथा बगर संरक्षण क्षेत्रलाई समेटिएको उल्लेख गरे ।

स्थानीय बन्दना रानाले स्याली नदीले बर्सेनि वर्षात्का बेला जग्गा कटान गर्दा ठूलो समस्या भोग्नु परेको भन्दै अब समस्या समाधान हुने विश्वास व्यक्त गरिन् । भू-क्षयको समस्या वडा कार्यालयमा राखेपछि वडाध्यक्षसहित जनप्रतिनिधिको पहलमा तटबन्ध निर्माण हुन थालेको उनको भनाइ छ ।

स्याली नदीमा निर्माण भइरहेका तटबन्ध आयोजनाले सार्वजनिक सडक जोगिनुका साथै २०० भन्दा बढी स्थानीयको जग्गा भूक्षयबाट सुरक्षित हुने अपेक्षा गरिएको छ ।


## सच्याइएको

**कोशी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**कटारी अस्पताल**
**कटारी, उदयपुर, कोशी प्रदेश, नेपाल**

प्रभाव राष्ट्रिय दैनिकको वर्ष १२ अंक २४२ पुस १७ गते प्रकाशित कटारी अस्पताल उदयपुरको विद्युतीय माध्यामबाट बोलपत्र आह्वानको सूचनाको खरिद कार्यको विवरणमा **स्वीकृत ल.ई. रकम (भ्याट बाहेक) रू.** हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ ।

**मे. सु.**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०७२/०८/१० मा दर्ता भएको प्रा.लि.नं. १४२०४२ को **क्यापिटल मल्टिपर्पोज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### ३५ दिने हकदावी गर्न आउने सार्वजानिक सूचना

**प्रथप पटक सूचना प्रकाशित मिति : २०८२/०९/१८**

२०६६/१०/१८ मा दर्ता भएको यस आर.के.बि.टी. सप्लायर्स प्रा. लि. (प्रा. लि. नं. ७००७८/०६६/०६७) लाई मिति २०८२/०९/१७ गते बसेको बिशेष साधारणसभाको निर्णयानुसार यस कम्पनीलाई स्वेच्छिक खारेजी गर्ने निर्णय गरिएको हुनाले यस कम्पनी प्रति कसैको कुनै प्रकारको आर्थिक लगाएतको दावी भएमा आजको मितिले ३५ दिन भित्र यस कम्पनीको खारेजीकर्ताको कार्यालयमा दावी गर्न आउनु भनि यो सार्वजानिक सूचना प्रकाशित गरिएको छ । दावी गर्न आउँदा सक्कल प्रमाण सहित आउनु हुन अनुरोध गरिन्छ ।

**खारेजीकर्ता (लिक्विडेटर) सन्तोष राना मगर (इजाजत नं. १६५)**
**का.म.न.पा. २९,काठमाण्डौ सम्पर्क नम्बर (९८१३२४४६५५)**

# परिवर्तन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### पुतलाचौर, रोल्पा
### लुम्बिनी प्रदेश, नेपाल

## आर्थिक प्रस्ताव खोलिने सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति :- २०८२/०९/१८**

यस कार्यालयबाट मिति २०८२/०७/३० को सूचना अनुसार रीतपूर्वक पेश हूनआएका शिलबन्दी बोलपत्रहरुको प्राविधिक मुल्यांकन गर्दा तपशिल बमोजिमको बोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद नियमावली २०६४ (चौथौं संशोधन समेत) को नियम ३१(ज) को उपनियम (५) बमोजिम तपशिलको मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु |
|---|---|---|
| 1. | PRM/ W/NCB/6/2082-083 | 1.1:- Everest-Sulikot-Mahabai JV, Ghorahi 15-Dang |
| | | 1.2:- Gemi-Jayshree-Chandrama JV, Ghorahi-15, Dang (Lokanthali 1 Madhyapur Thimi Bhaktapur) |
| 2. | PRM/ W/NCB/7/2082-083 | 2.1:- AAM- Prabhat JV, Musikot-05, Rukum West |
| | | 2.2:- Bhairav/P.L JV, Bagchaur 8 |
| | | 2.3:- Gemi-Jayshree J/V, Lokanthali 1, Madhyapur Thimi Bhaktapur |
| | | 2.4:- Jana-X Nirman-Sunir JV, Rolpa Libang |
| | | 2.5:- Karki brothers construction, Rambha 5 Palpa |
| | | 2.6:- Khaptad-PL-Chandrama JV, Masta 1 Bajhang |
| | | 2.7:- Rajbir Nirman Sewa, Talabang-3, Rolpa |
| | | 2.8:- RCC/SSCC/MECC JV, Bhatbhateni, Balaju |
| | | 2.9:- SAFAL/GBT/PHATAKSHILA JV, Bhaktapur 1 |

**आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान** : २०८२।०९।२५ (Jan. 9, 2026), दिनको १३:०० बजे

**प्रमुख प्रशासकीय अधिकृत**

## कुवेतमा रोजगार

कम्पनी : BOUBYAN PLASTIC INDUSTRIES CO. K.S.C.C.

पूर्व स्वीकृति मिति : २०८२/०९/१७ LT. No. 336552 चलानी नं. ६०२५००२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 20 | 0 | 90 | ४२,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २५ गते (9th Jan. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SYNERGY HUMAN RESOURCE PVT. LTD.**
Tokha-5, Basundhara, Kathmandu, Nepal. Tel:+977-1-4976489
Contact no. 9802378725, 9802378726, 9802378727
E-mail: info@synergyhr.co, Web: www.synergyhr.co
श्रम ईजाजत नं. १७३६/०७१/७२

## साउदीमा रोजगार

कम्पनी : SAMEEM BEANS EST FOR DRINKS

पूर्व स्वीकृति मिति : २०८२/०९/१७ LT. No. 336415 चलानी नं. ६०२४९९६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 5 | 0 | 1200 | ४६,११३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २५ गते (9th Jan. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

चलानी नं.६०२४५५३५
**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## साउदीमा रोजगार

कम्पनी : AHMED MOHAMMED AL-DUBAISI CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/१७ LT. No. 336482 चलानी नं. ६०२५००१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 1 | 0 | 1200 | ४६,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २५ गते (9th Jan. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AL-HERA OVERSEAS PVT. LTD.**
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com
श्रम ईजाजत नं. ५०१/०६१/०६२

## युएइमा रोजगार

कम्पनी : HONESTY AND PERFECTION CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०५/२६ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/१७ LT. No. 330943 चलानी नं. ६०२४४६५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 30 | 0 | 1000 | ३९,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २५ गते (9th Jan. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FRONTLINE RECRUITMENT PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

## मलेसियामा रोजगार

कम्पनी : AKAR SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०९/१७ LT. No. 336472 चलानी नं. ६०२५००२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 51 | 0 | 1700 | ६०,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २५ गते (9th Jan. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREEN LIGHT OVERSEAS PVT. LTD**
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758, +977 985-1358431
Email:info@greenlight.com.np, Web: www.greenlight.com.np
श्रम ईजाजत नं. 1365/074/75

## कतार/मरिशसमा रोजगार

कम्पनी : SWAY BEAUTY CENTER

पूर्व स्वीकृति मिति : २०८२/०९/१६ LT. No. 336276 चलानी नं. ६०२४९९४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HAIRDRESSER (FEMALE) | 0 | 1 | 1700 | ६७,३०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Masseur | 0 | 1 | 1700 | ६७,३०७ | | | | | | | |
| 3. | Office Cleaner | 0 | 1 | 1000 | ३९,५९३ | | | | | | | |
| 4. | Receptionist | 0 | 1 | 1100 | ४३,५५२ | | | | | | | |
| 5. | Technician | 0 | 2 | 1700 | ६७,३०७ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २५ गते (9th Jan. 2026) मा हुनेछ ।**

कम्पनी : JIANGXI CONSTRUCTION INTERNATIOAL ENGINERING CO LTD

पूर्व स्वीकृति मिति : २०८१/०६/२२ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/१७ LT. No. 312038 चलानी नं. ६०२२६४३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब MUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 55 | 0 | 17500 | ५४,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 2 | 0 | 20000 | ६२,३७० | | | | | | | |
| 3. | Heavy Driver | 2 | 0 | 17500 | ५४,५७० | | | | | | | |
| 4. | Mason | 55 | 0 | 17500 | ५४,५७० | | | | | | | |
| 5. | Office Boy. | 2 | 0 | 17500 | ५४,५७० | | | | | | | |
| 6. | Steel Fixer | 34 | 0 | 17500 | ५४,५७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: झापा, प्राविधिक ट्रेनिङ सेन्टर, चर्पनेमा मिति: २०८२ पुस २५ गते (9th Jan. 2026) मा हुनेछ । 9806595983, 9806035174, 9824973496**
**संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २६ गते (10th Jan. 2026) मा हुनेछ ।**
**सुनसरी, सुनसरी टेक्निकल ट्रेनिङ सेन्टरमा मिति: २०८२ पुस २७ गते (11th Jan. 2026) मा हुनेछ । 025582277, 9815903769, 9821708277**
**रुपन्देही, बुट्वल मल्टिपल ट्रेनिङ सेन्टरमा मिति: २०८२ पुस २९ गते (13th Jan. 2026) मा हुनेछ । 9748703673 : 9857034584**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1476/074/75
**NEPAL LIFE RECRUITMENT AGENCY PVT LTD**
Gaushala, Pingalaisthan, Kathmandu, Nepal, Tel: 014598920,
Mob: 9801076290, E-mail : nepallifera1476.2017@gmail.com

# कामपा-२६ मा ७७ सिसि क्यामरा फाइबर इन्ट्रानेटमा जडान



**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिकाको वडा नम्बर २६ ले ७७ वटा सिसि क्यामरालाई फाइबर इन्ट्रानेटमा जडान गरेको छ ।

कामपा-२६ ले बुधबार नेपाल टेलिकमसँगको सहकार्यमा बालाजु क्षेत्रबाट भित्र जडान गरिएका ७७ सिसि क्यामरालाई वडा कार्यालयमा राखिएको मोनिटरबाट हेर्न मिल्नेगरी फाइवर इन्ट्रानेटमा जडान गरेको हो । एक करोड रूपैयाँ लागतमा जडान गरिएको उक्त प्रणालीको बुधबार काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईं, नगर प्रवक्ता नवीन मानन्धर र कामपा-२६ का वडाध्यक्ष ख्यामराज तिवारीले संयुक्तरूपमा शुभारम्भ गरे ।

कार्यक्रममा कामपा-२६ का वडाध्यक्ष तिवारीले उक्त प्रणालीलाई वडाभरि विस्तार गर्दै लैजाने बताए । 'वडाभित्र २०० स्थानमा यस्ता क्यामरा जडान गर्नेछौं, क्यामरा जडान भएसँगै सुरक्षित वडा निर्माणमा सहयोग पुग्ने छ,' उनले भने । सुरक्षा, सहरी विकास र विकास व्यवस्थापनका लागि प्रविधिको दिगो पूर्वाधार निर्माण गर्ने तथा सुरक्षा निकायसँग सहकार्य गर्ने योजना रहेको उनको भनाइ छ ।

महानगर सूचना प्रविधि विभागका प्रमुख अनिरुद्र नेपालले सहरभित्रका सिसिटिभी क्यामराबाट प्राप्त दृश्यको निगरानी गर्न बालाजु बाइसधारा उद्यान क्षेत्रमा सर्भलेन्स रुम (निगरानी कक्ष) निर्माणका लागि निर्माण पक्षसँग सम्झौता भइसकेको जानकारी दिए । बुधबार सुरु भएको उक्त प्रणालीलाई महानगरका अन्य वडामा पनि विस्तार गर्दै लैजाने उनको भनाइ छ ।

नेपाल टेलिकमका उपप्रबन्धक इञ्जिनियर निर्मलराज चटौतले महानगरपालिकाले हरेक सिसिटिभी क्यामरालाई फाइबर सञ्जालमा जोडेर निगरानी कक्षमा लैजान आफूहरूसँग सहकार्य गरिरहेको बताए ।

बत्ती गए पनि यी क्यामरा चल्ने 'ब्याकअप पावर'को व्यवस्था गरिएको छ । पिटिजेड (स्वचालित रूपमा दायाँबायाँ घुम्ने, तलमाथि सर्ने र जुम इन तथा जुम आउट हुने)' क्यामेराले ५५० मिटरसम्म दूरीका दृश्यहरू स्पष्टरूपमा खिच्न र कैद गर्न सक्छ । बुलेट क्यामराले ६० मिटरसम्मको स्पष्ट दृश्य दिन्छ ।

# आगो ताप्दा जोगिन विपद् प्राधिकरणको आग्रह

**काठमाडौं (प्रस)**– जाडोबाट जोगिन नागरिक दाउरा वा घुर बालेर आगो ताप्ने बढेका छन् । विशेषगरी बाक्लो हुस्सु, कुहिरो र शीतलहरले तराईको जनजीवन प्रभावित पारिरहेका बेला आगो ताप्नेक्रम पनि बढेको छ ।

त्यसरी आगो ताप्दा थाहै नपाई लगाएको कपडाबाट आगो सल्किएर मानिसको ज्यानसमेत गएका घटना आइरहेका छन् । केही दिनअघिमात्रै आगो ताप्दा कपडामा सल्किएर दुई जनाको मृत्यु भएको थियो । गत २४ घण्टामामात्रै त्यसरी आगो लाग्दा कपडामा आगो सल्किएर चार जनासहित पाँच जना घाइते भएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार चिसो बढेसँगै आगलागीका घटना बढेको र त्यसबाट मानिसको ज्यान जानेक्रम पनि बढेकाले आगो ताप्दा सावधानी अपनाउन अनुरोध गरेको छ । सुरुमा आगो ताप्ने क्रममा सल्किँदा न्यायो नै महसुस हुने र आगो नियन्त्रण बाहिर गएपछि मात्रै थाहा पाउने अवस्थाले मानिसको ज्यान नै जोखिममा पर्ने गरेको आगलागी विज्ञहरू बताउँछन् ।

प्राधिकरणकी प्रवक्ता शान्ति महतले गत २४ घण्टामा त्यसरी कपडामा आगो सल्किएर चारसहित पाँच जना घाइते भएको बताइन् । त्यसैले आगो ताप्दा धेरै नै ख्याल गर्न उनले सबैमा अनुरोध गरेकी छन् । प्राधिकरणले सार्वजनिक सूचना तथा भिडियो सन्देशमार्फत नै आगलागीबाट जोगिन अनुरोध गर्दै आएको छ ।

# कार्यसम्पादनमा देशभरकै उत्कृष्ट बन्यो जिप्रका मनाङ

**काठमाडौं (प्रस)**– चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो त्रैमासिकमा मनाङ जिल्लाको कार्यसम्पादन देशभरकै उत्कृष्ट ठहरिएको छ । गृह मन्त्रालयले त्यस अवधिमा गरेको कार्यसम्पादन मूल्यांकनमा मनाङ उत्कृष्ट ठहरिएको हो ।

मन्त्रालयले हालै सार्वजनिक गरेको मूल्यांकन नतिजाअनुसार कूल २९.२५ पूर्णांकमध्ये मनाङले २८.७५ अंक प्राप्त गर्दै ७७ वटै जिल्ला प्रशासन कार्यालयहरूमध्ये पहिलो स्थान हासिल गरेको हो । 'ग' वर्गका जिल्लामध्ये मनाङ शीर्ष स्थानमा रहँदा, 'ग' वर्गकै जिल्ला प्रशासन कार्यालय रसुवाले २८.६८ अंकसहित दोस्रो स्थान हासिल गरेको छ ।

यसैगरी, 'ख' वर्गका जिल्लामध्ये जिल्ला प्रशासन कार्यालय धनकुटाले २८.५ अंक प्राप्त गर्दै तेस्रो स्थान हासिल गरेको छ । 'ख' वर्गकै जिल्ला प्रशासन कार्यालय स्याङजाले २८.३७ अंकसहित चौथो र जिल्ला प्रशासन कार्यालय पर्वतले २८.३१ अंक प्राप्त गर्दै पाँचौं स्थान हासिल गरेको । 'क' वर्गका जिल्लातर्फ जिल्ला प्रशासन कार्यालय ललितपुरले २८.२५ अंकसहित छैटौं स्थान प्राप्त गरेको जनाइएको छ ।

मनाङका प्रमुख जिल्ला अधिकारी नवराज पौड्याललले मनाङजस्तो विकट जिल्लामा रहेर जनताको सेवा गर्न पाउँदा आफूलाई गर्व लागेको बताए । उनले भने, 'सन्तुष्टि र आत्मसम्मानका आधारमा काम गर्ने हो, सोहीअनुसार नतिजा प्राप्त हुँदा खुसी लाग्छ ।'

मनाङ जिल्ला मूल्यांकनमा सर्वोत्कृष्ट हुनुका आधार प्रस्तुत गर्दै प्रजिअ पौड्याललले सोलारको माध्यमबाट विद्युत् आपूर्ति नियमित गरेर 'अनलाइन' सेवा प्रदान गरेको जानकारी दिए । उनका अनुसार घुम्ती शिविर सञ्चालन गरेर सबै पालिकामै गएर जनतालाई राष्ट्रिय परिचयपत्र उलब्ध गराएको र विपद् व्यवस्थापनलाई प्रभावकारी तुल्याइएको छ । यसैगरी जिल्ला प्रशासन कार्यालयमा आउने गुनासाहरूलाई समयमै फर्स्योट गरिएको उनले बताए ।

यसैगरी अर्को मूल्यांकनको आधार जिल्लामा पर्ने उजुरी एक वर्षभित्र फर्स्योट गर्नुपर्ने प्रावधानलाई एक महिनामै टुंग्याउने काम गरेको प्रजिअ पौड्याललले जानकारी दिए । 'यसका साथै नेपाल-चीन बोर्डरमा बोर्डर आउट पोस्ट (बिओपी) राख्नका लागि जग्गा व्यवस्थापन गरी सशस्त्र प्रहरीलाई हस्तान्तरण गरिएको छ । नागरिकलाई प्रत्यक्ष असर पार्ने सडक पूर्वाधारलाई नियमित र व्यवस्थित गरिएको छ । जसले गर्दा सडकमार्फत सदरमुकामसम्मको पुग्ने समय किफायत भएको छ,' प्रमुख जिल्ला अधिकारी पौड्याललले भने । जिल्ला प्रशासन कार्यालयको पहलमा भएका यस्ता कार्यले जनता र सरकारबीचको सामीप्यता गहिरो बनाएको उनको भनाइ छ । 'जनताले सरकारको अपनत्व महसुस गरेका छन्,' उनले भने ।

हाल मनाङमा माइनस १० डिग्री तापक्रमसम्म पुगेको उल्लेख गर्दै उनले जोखिमको अवस्थामा पनि जनताको सेवा गर्न सबै लागिरहेको बताए । इलाका प्रशासन कार्यालय फर्पिङका प्रमुख रहेका उपसचिव पौड्याललाई गृह मन्त्रालयले गत भदौ ४ गते मनाङको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी दिएको थियो । मनाङ उपसचिवस्तरको प्रमुख जिल्ला अधिकारी रहने जिल्ला हो ।

त्यसपछि गृहसचिवसँग गरिएको कार्यसम्पादन सम्झौतामा तोकिएका मापदण्डहरू पूर्णरूपमा कार्यान्वयन गर्न आफूले सबै कर्मचारीको साथ लिएर काम गरेको र त्यसकै आधारमा मन्त्रालयले मूल्यांकन गरेको उनले सुनाए । प्रजिअ पौड्याललले जिल्ला प्रशासन कार्यालयका कर्मचारी तथा सुरक्षाकर्मीसहित जिल्लास्थित सबै कार्यालयहरूको सामूहिक प्रयासको नतिजा प्राप्त भएको बताए ।

गृह मन्त्रालयले प्रत्येक वर्ष जिल्ला प्रशासन कार्यालयहरूको सेवा प्रवाह, कार्यसम्पादन क्षमता, जनउत्तरदायित्व, प्रशासनिक कार्यशैलीलगायतका सूचक र मापदण्डका आधारमा नियमितरूपमा कार्यसम्पादन मूल्यांकन गर्दै आएको छ ।

## कम्पनी खारेज सम्बन्धी लिक्वीडेटरको सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८२/०९/१८**

कम्पनी ऐन २०६३ बमोजिम श्री कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०७२/०६/२४ मा दर्ता भएको प्रा.लि.नं. १४१०६६ को सेन्टर फर एजुकेशनल रिसर्ज एण्ड प्रोफेसन डेभलपमेन्ट प्रा.लि.को मिति २०८२/०५/१५ मा बसेको बिशेष साधारण सभाले स्वैच्छिक रूपमा कम्पनी खारेजी(लिक्वीडेसन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही, कसैको कुनै बाँकी बक्यौता, ऋण दायित्व वा लेनदेन बाँकी भएमा वा खारेज नगर्नुपर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा प्रतिनिधि मार्फत हक दाबी गर्न तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन सुचित गरिन्छ । अन्यथा कम्पनी ऐन २०६३ मा ब्यवस्था भए बमोजिम बाँकी दायित्व भुक्तान गरि बाँकी जायजेथा शेयरधनीहरूलाई बाँडिनेछ । तोकिएको म्याद भित्र दाबी नगरिएमा पछि कुनै दाबी नलाग्ने ब्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गरिन्छ ।

**लिक्वीडेटरको कार्यालय**
**अधिबक्ता पूर्ण प्रसाद पराजुली, दामासाही ब्यावसायी इजाजत नं. ३८३**
**का.म.न.पा. वडा नं. २९ अनामनगर, काठमाडौं, मोवाईल नं. ९८५१०२६३३२**

## भूलसुधार गरिएको सूचना

**प्रभाव राष्ट्रिय दैनिकको वर्ष १२ अंक २२५ मंसिर २९ गते श्री कान्ति भैरव बचत तथा ऋण सहकारी संस्था लिमिटेडको ऋणीको नाम, थर, वतन र तीनपुस्ते सूचनामा नामः पवन बस्नेत, बुबाको नामः नानीकाजी बस्नेत, बाजेको नामः खड्ग ब. बस्नेत, स्थायी ठेगानाः काठमाडौं भई भुलबस प्रकाशित हुन गएकोले सञ्चालक समितिद्धारा भूलसुधार गरिएकाले यो सूचना सबैको जनाकारीका प्रकाशित गरिएको छ।**

**श्री कान्ति भैरव बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**गोकर्णेश्वर–८, काठमाडौं, फोनः ०१–४९१११०५/४९१०९५९**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०९/१८ गते**

यस कम्पनीको मिति २०८२/०८/१५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **उन्नति निर्माण सेवा** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०८/२१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **उन्नति निर्माण सेवा एण्ड सप्लायर्स (प्रा.लि.नं. २९८६९८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०९/१८ गते**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०३/३०मा स्वीकृति प्राप्त भई साविक **गुरो इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि.नं. २९८५४०)** को नाम रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **गुरो इन्जिनियरिङ्ग ग्रुप प्रा.लि.** अंग्रेजीमा **Guro Engineering Group Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गरिन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०९/१८ गते**

यस कम्पनीको मिति २०८२/०९/०६ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **बिनायक सिमेन्ट ट्रेडलिङ्क** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०९/०६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **बिनायक इन्फ्रा ट्रेड प्राइभेट लिमिटेड (प्रा.लि.नं. ३७५१२१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०९/१८ गते**

यस कम्पनीको मिति २०८२/०८/२४ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **लाईफलाइन फाउण्डेशन** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०८/२६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सुदूरपश्चिम रोयल्स फाउण्डेशन (मु.वि.नगर्ने) (प्रा.लि.नं. ३७६०६६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०९/१८ गते**

यस कम्पनीको मिति २०८२/०८/२८ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **सनशाईन मेमोरियल बोर्डिङ्ग स्कूल डोटी** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०९/०७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सनशाईन मेमोरियल बोर्डिङ्ग स्कूल कैलाली प्रा.लि. (प्रा.लि.नं. १४३९६८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## Tikapur Municipality
## Office of The Municipal Executive
**Tikapur, Kailali**
**Sudurpashchim Province, Nepal**

## Invitation for Sealed Quotation

**First Date of Publication : 2082/09/18 B.S. ( 2nd, Janaury, 2026)**

1. Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali invites Sealed Quotation from the eligible bidders for the procurement of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification Number | Name of Project and Location | Estimated Amount (Without VAT& PS) NRs. | Bid Security Amount NRs. | Cost of Bid Document NRs. |
|---|---|---|---|---|---|
| 1. | TMO/SQ/38/ROAD/ 2082/083 | Construction of Bitumineous Road (Way From Bichkapuruwa Chowk Prem Bhattarai's Home to South Dayaram's Home Through Bangaun Magar Tole's Nursery ward No.4 Jodne Road ), Tikapur Municipality Ward No.1,Bangaun,Tikapur,Kailali. | 16,46,386.61 | 55,000.00 | 1000.00 |
| 2. | TMO/SQ/39/ROAD/ 2082/083 | Construction of Bitumineous Road (Way From United School's to Jayakrishna Neupane House Road and From Block No. 18 Adhuro Kalopatre Sadak to Airport Road ) Tikapur Municipality Ward No.1,Block No. 18,Tikapur, Kailali. | 16,46,487.35 | 55,000.00 | 1000.00 |
| 3. | TMO/SQ/40/ROAD/ 2082/083 | Construction of Bitumineous Road (Way From Ward Office to Kamal Gaun through khakraulla bhansar jodne Road) ,Tikapur Municipality Ward No.8,Batanpur,Kailali. | 16,42,199.33 | 55,000.00 | 1000.00 |

2. Eligible Bidders may obtain further information at **Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali** or **Telephone NO.:- +977 091-561118, or may visit PPMO e-GP System www.bolpatra.gov.np/ egp.**
3. Interested bidders should submit only E-bid till **18th , Janaury, 2026 before 12:00 hrs**. through **PPMO e-GP System www.bolpatra.gov.np/egp.** No any Hardcopy will be entertained.
4. Information to deposit the cost of bid document in Bank (Mention Purpose of Deposit Stating Contract Identification Number Clearly):-
   **Name of Bank :- Nepal Bank Ltd., Tikapur, Branch.**
   **Name of Office : - Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali Office Account No.:- 10703000001001000001**
   **Revenue Heading No:- 14229**
5. Information to deposit the **Bid Security Amount** in Bank:-
   **Name of Bank :- Nepal Bank Ltd., Tikapur, Branch..**
   **Name of Office : - Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali. Office Account No.:- 10703000003000000001**
   **Or** Bank Guarantee Issued by Commercial Bank or Financial Institution in the Name of Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali ( Mention Purpose of Deposit Stating Contract Identification Number clearly ).
6. Bid Validity Period shall be 45 days from the date of Bid Opening and Bid Security Validity Period shall be 75 days from the date of Bid Opening.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid will be opened in the presence of Bidder's representatives who choose to attend at **14:00 hrs. on 18th , Janaury, 2026** at Tikapur Municipality, Office of The Municipal Executive, Tikapur Kailali.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing laws of Nepal.
11. Any amendments on this notice shall be posted on office information board and on office website: www.tikapurmun.gov.np

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# चुनावी वातावरण बिथोल्ने प्रयास नगर

हरेक परिवर्तनहरूलाई नेतृत्व प्रदान गर्दै अघि बढेको नेपाली कांग्रेस यसपटक कुहिरोभित्रको काग बनेको छ । यो दलले न त समयमा महाधिवेशन गर्न सकेको छ न त असन्तुष्टहरूलाई बुझाउन सकेको नै छ । पुस १६ बाट वडा अधिवेशन थाल्नुपर्ने कांग्रेसले न त अधिवेशन नै थाल्यो न त स्थगित भएको सूचना नै दियो ।

जसकारण अहिले महामन्त्रीहरूले यो अधिवेशन स्थगितको वक्तव्य निकालेका छन् । विधानतः महामन्त्रीहरूले अघि बढाएको यो कदम विद्रोह हो । यसले देशकै सबैभन्दा पुरानो र इतिहास बोकेको दलमा कचिङ्गल छाएको छ । यो कचिङ्गलले चुनावसमेत प्रभावित हुने देखिएका छ । हुन त कांग्रेसले प्रतिनिधि सभा निर्वाचनका लागि समानुपातिक बन्दसूची बुझाइसकेको छ ।

अहिले महाधिवेशन नगरी निर्वाचनमा जाने सभापति शेरबहादुर देउवाले बताउँदै आएका छन् । योसँगै चुनावी वातावरण बनेपनि दुई महामन्त्रीले नियमित महाधिवेशन रद्द गर्दै विशेष महाधिवेशनका लागि गरेको तयारीले आशंका उब्जेको छ । कतै कांग्रेस चुनाव बिथोल्ने गरी प्रस्तुत भएको त हैन ? फागुन २१ गतेका लागि तोकिएको निर्वाचनमा कांग्रेस सहभागी भए अरु दल स्वत पछिपछि लाग्ने अवस्था बन्दै आएको विगतको पाठ छ ।

यसपटक कांग्रेसको विशेष महाधिवेशन पक्षधरले पुसको अन्तिममा महाधिवेशन गरे यो कचिङ्गल गाउँसम्म पुग्न सक्छ । जसकारण देखाउँदै कांग्रेसले निर्वाचनमा भाग नलिने निर्णय गर्न सक्छ । कारण चुनावअघि महाधिवेशन हुँदा नेताहरूबीच तिक्तता हुने र चुनाव हारिने सम्भावना रहने नेताहरू बताउँछन् । कांग्रेसले चुनाव छल्ने देखिए अरु दल झनै यसमा सहभागी बन्दैनन् ।

विशेषगरी अर्को ठूलो दल नेकपा एमाले पनि चुनावमा जान आनाकानी गरिरहेको छ । कांग्रेससँग मिलेरमात्र चुनावमा जाने एमालेको तयारी छ । यदि कांग्रेस चुनावमा नगए एमाले पनि नजाने निश्चित छ । यसले नेपाली कम्युनिस्ट पार्टी पनि चुनावमा नजाने वातावरण बन्ने कतिपय बताउँछन् । यसले गर्दा बनिसकेको चुनावी वातावरण फेरि बिग्रनेछ । जसले गर्दा संविधानलाई सही ट्र्याकमा ल्याउन मुश्किल हुने देखिन्छ ।

त्यसैले अहिले कांग्रेसले आफनो घरायसी विवादलाई थाँती राखेर चुनावलाई मुल विषय बनाउँदा देशलाई हुने देखिन्छ । यसका लागि कांग्रेसले कि त माघभित्रै महाधिवेशन गरेर अघि बढेको राम्रो । यसका लागि कांग्रेस सभापति शेरबहादुर देउवाले असन्तुष्ट पक्षलाई मनाएर चाँडै नयाँ कार्यतालिका ल्याउनुपर्छ । नभए अहिले घरायसी विवाद थाँती राखेर चुनावमा होमिनुको विकल्प छैन । चुनावी वातावरण बिथोलेर मुलुकलाई अनिर्णयको बन्दी बनाउने नीति कांग्रेसले लिएको सुहाउँदैन ।

श्रम सरोकार

## सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# एआईमा आधारित शिक्षण विधिको अभ्यास



लीलाराज भट्टराई

"नेपालको सन्दर्भमा हामीले तुरुन्तै अल्फा स्कुलकै जस्तो महँगो भौतिक पूर्वाधार बनाउन नसके पनि यसले सिकाएको पाठलाई आत्मसात् गरेर शिक्षामा परिवर्तनको सुरुआत गर्न सक्छौं । ढिलो चाँडो हामीले शिक्षामा एआई प्रयोग नगरी सुखै छैन । एआई साक्षर बनाउन सानै कक्षादेखि एआई पढाउन ढिलो गर्नुहुँदैन । अबको शिक्षा 'के सोच्ने' भन्नेमा होइन, 'कसरी सोच्ने' भन्नेमा केन्द्रित हुनुपर्छ । एआई त्यसको सबैभन्दा शक्तिशाली हतियार हो । नेपालले अब ढिलो नगरी यो हतियारको सही सदुपयोग गर्नुपर्छ ।"

आर्टिफिसियल इन्टिलिजेन्स (एआई)ले हरेक क्षेत्रमा आमूल परिवर्तन ल्याउँदै छ । एआईले केही वर्षभित्रै शिक्षा क्षेत्रमासमेत युगान्तकारी परिवर्तन ल्याउने निश्चित छ । आजको युगमा हामी एउटा यस्तो मोडमा उभिएका छौं, जहाँ प्रविधिले हाम्रा हरेक बानी परिवर्तन गरिसकेको छ, तर हाम्रो शिक्षा प्रणाली अझै पनि पुरातन ढाँचामै अल्झिएको छ । एउटै कोठामा ३०-४० जनाभन्दा बढी विद्यार्थी, एउटै पाठ्यपुस्तक र एउटै गतिमा पढाउने शिक्षक रहने ढाँचा अब असान्दर्भिक भइसकेको छ ।

यसैबीच, अमेरिकाको टेक्सासस्थित अल्फा स्कुलले एउटा यस्तो उदाहरण प्रस्तुत गरेको छ, जसले शिक्षण सिकाइ प्रक्रियाको परिभाषा नै बदलिदिएको छ । अल्फा स्कुल सम्भवतः विश्वकै पहिलो यस्तो विद्यालय हो, जहाँ शिक्षक छैनन् । सो स्कुलको कक्षा कोठामा छिर्दा तपाईंले कुनै शिक्षकले बोर्डमा लेखेर पढाइरहेको देख्नुहुने छैन । बरु, विद्यार्थीहरू हेडफोन लगाएर एआई ट्युटरसँग संवाद गरिरहेका देखिन्छन् । यस स्कुलको सबैभन्दा ठूलो विशेषता भनेको दिनमा दुई घण्टामात्र पढाइ हुनु हो । सुन्दा पत्याउन गाह्रो लाग्छ तर त्यहाँका विद्यार्थीले दिनको मात्र दुई घण्टा पढेर बाँकी समय अन्य सिर्जनशील जीवनोपयोगी काममा बिताउँछन् । नतिजा भने अन्य परम्परागत विद्यालयको तुलनामा १० गुणा राम्रो र राष्ट्रियस्तरको शीर्ष एक/दुई प्रतिशतमा रहने गरेको छ ।

परम्परागत विद्यालयमा एउटा कक्षाको पूरा पाठ्यक्रम सक्न एक वर्ष लाग्छ । तर अल्फा स्कुलमा विद्यार्थीले मात्र २२ देखि ३० घण्टाको अध्ययनमा एउटा सिंगो कक्षाको पाठ्यक्रम पूरा गर्छन् । यो कसरी सम्भव छ भन्ने कुरा निम्न तथ्यहरूबाट प्रस्ट हुन्छ ।

### निजीकृत पाठ्यक्रम:

त्यहाँ एउटै कक्षाका सबै विद्यार्थीका लागि एउटै पाठ्यक्रम र पाठ्यपुस्तक हुँदैन । एआईले प्रत्येक विद्यार्थीको क्षमता, कमजोरी र रुचिको विश्लेषण गर्छ र सोही अनुसारको फरक-फरक पाठ्यसामग्री विकास गर्छ । यदि कुनै विद्यार्थीलाई फुटबल मन पर्छ भने एआईले गणितका समस्या फुटबलकै तथ्यांक प्रयोग गरेर सिकाउँछ । यसले सिकाइलाई 'बोझ' होइन, 'मनोरञ्जन' बनाउँछ ।

### ९० प्रतिशतको मापदण्ड:

कुनै पनि विद्यार्थीले एउटा पाठको कम्तीमा ९० प्रतिशत नबुझी अर्को पाठमा जानै पाउँदैन । परम्परागत विद्यालयमा कुन विद्यार्थीले कति बुझेका छन् भन्ने मापन गरिँदैन । तर अल्फामा औसत विद्यार्थीले पनि कम्तीमा ९० प्रतिशत पाठ नबुझी अर्को पाठमा जानै मिल्दैन । यसले गर्दा औसत विद्यार्थी पनि उत्कृष्ट बन्छन् ।

### तत्काल प्रतिक्रिया:


गल्ती हुनेबित्तिकै एआईले तुरुन्त सच्याउँछ । शिक्षकले हप्ता दिनपछि कापी जाँचेर गल्ती औंल्याउने समयसम्म विद्यार्थीले त्यो विषय बिर्सिसकेको हुन्छ । तर अल्फामा एआईको तत्काल प्रतिक्रियाले सिकाइको गति १० गुणा बढाउने गरेको छ ।

### घोकाउने होइन, बुझाउने:

हाम्रा विद्यालयमा विद्यार्थीलाई घोकाउने चलन छ । यतिसम्मकी विद्यालयमा शिक्षकले घोकाएको भन्दा तलमाथि गर्नसमेत विद्यार्थी मान्दैनन् । घोकेको कुरा चाँडै बिर्सने हुन्छ, तर अल्फामा घोकाउने होइन बुझाउने गरिन्छ । त्यसका लागि निश्चित समयमा एउटै विषय दोहोर्‍याइन्छ ।

### बिदाभन्दा प्यारो विद्यालय:

अल्फा स्कुलको अर्को सफलता भनेको विद्यार्थीको मनोविज्ञानमा ल्याएको परिवर्तन हो । त्यहाँका विद्यार्थीलाई आज घरै बस, स्कुल नजाऊ भन्दा उनीहरू मान्दैनन् किनभने उनीहरूका लागि स्कुल रमाउने ठाउँ हो । खोजको केन्द्र हो ।





स्वाभाविकरूपमा प्रश्न उठ्छ- दुई घण्टा एआईसँग पढ्छन् । त्यसबाहेकको समयचाहिँ के गर्छन् त ? एआई स्कुलमा त्यसबाहेकको समय विद्यार्थीले जीवन सिक्छन् । आफ्नो रुचि र क्षमताअनुसारको जीवनोपयोगी सीप सिकिरहेका हुन्छन् । उनीहरू फुटबल, भलिबल, पौडी खेल्छन् । साना कक्षामा विद्यार्थी साइकल चलाउन सिक्छन् । कोडिङ सिकिरहेका देखिन्छन् । उनीहरूले दुई घण्टाबाहेकका समयमा उद्यमशीलता र पैसाको व्यवस्थापनका बारेमा सिक्छन् । उनीहरूलाई तीन कक्षादेखि नै वित्तीय साक्षरता र पाँच कक्षामा पुग्दा व्यवसाय कसरी चलाउने भन्ने ज्ञान सिकाइन्छ ।

त्यस्तै सानैदेखि सार्वजनिक भाषणकलामा जोड दिइएको हुन्छ । २ कक्षादेखि नै निर्धक्क बोल्ने कला सिकिरहेका देखिन्छन् । ५ कक्षा उत्तीर्ण विद्यार्थीलाई टिमवर्कको महत्त्वका बारेमा सिकाइन्छ । विभिन्न व्यवसायलाई कसरी उच्चतम् स्तरसम्म पुर्‍याउन सकिन्छ भन्ने ज्ञान उनीहरूले पाइसकेका हुन्छन् । स्कुल तह पार गर्दा प्रत्येक विद्यार्थीसँग आफ्नो जीवनको लक्ष्य र त्यहाँ पुग्ने स्पष्ट मार्गचित्र बोकेर जीवनको नयाँ उडान भर्न तयार भएर निस्कने गर्दछन् ।

### नेपालको शिक्षा प्रणालीमा सुधारका लागि सुझावहरु

नेपालको सन्दर्भमा हामीले तुरुन्तै अल्फा स्कुलकै जस्तो महँगो भौतिक पूर्वाधार बनाउन नसके पनि यसले सिकाएको पाठलाई आत्मसात् गरेर शिक्षामा परिवर्तनको सुरुआत गर्न सक्छौं । ढिलो चाँडो हामीले शिक्षामा एआई प्रयोग नगरी सुखै छैन । एआई साक्षर बनाउन सानै कक्षादेखि एआई पढाउन ढिलो गर्नुहुँदैन । अबको शिक्षा 'के सोच्ने' भन्नेमा होइन, 'कसरी सोच्ने' भन्नेमा केन्द्रित हुनुपर्छ । एआई त्यसको सबैभन्दा शक्तिशाली हतियार हो । नेपालले अब ढिलो नगरी यो हतियारको सही सदुपयोग गर्नुपर्छ । हाम्रो शिक्षा प्रणालीमा परिवर्तन ल्याउन निम्न कुरामा जोड दिनुपर्ने देखिन्छ ।

### शिक्षकको भूमिकामा परिवर्तन:

शिक्षकको भूमिका परिवर्तन गरी 'मेन्टर' वा 'गाइड' मा बदल्नुपर्छ । पाठ्यपुस्तकको ज्ञान दिन एआई र प्रविधिको प्रयोग गर्ने र शिक्षकले विद्यार्थीको अनुशासन, चरित्र निर्माण र प्रेरणामा ध्यान दिने वातावरण बनाउनुपर्छ ।

### 'वान साइज फिट्स अल' पाठ्यक्रमको अन्त्य:

नेपालको पाठ्यक्रम अत्यन्तै केन्द्रिकृत र बोझिलो छ । हामीले एआई आधारित सफ्टवेयर प्रयोग गरेर विद्यार्थीको रुचिअनुसारको सिकाइ सुरु गर्नुपर्छ । जुम्लाको विद्यार्थी र काठमाडौंको विद्यार्थीको परिवेश फरक छ । त्यसैले उनीहरूको उदाहरण र सिकाइको शैली पनि फरक हुनुपर्छ ।

सीपमा आधारित शिक्षाः

हाम्रो शिक्षा प्रणालीले प्रमाणपत्रधारी तर बेरोजगार जनशक्ति उत्पादन गरिरहेको छ । एआईमा आधारित अल्फा स्कुलबाट सिकेर हामीले कम्तीमा ५० प्रतिशत सीप सिकाउनुपर्छ । एआई, कृषिको आधुनिक प्रविधि, वित्तीय साक्षरता र कोडिङजस्ता विषयलाई विद्यालय तहदेखि नै अनिवार्य गर्नुपर्छ ।

'डिजिटल डिभाइड' कम गर्न एआई ट्याब्लेटः

नेपालका दुर्गम क्षेत्रमा गुणस्तरीय शिक्षक पुग्न गाह्रो छ । तर यदि हामीले 'अफलाइन एआई ट्युटर' भएका ट्याब्लेट वितरण गर्न सक्यौं भने हुम्लाको एउटा बच्चाले पनि काठमाडौंको भन्दा उत्कृष्ट शिक्षा पाउन सक्छ । यसले शिक्षामा रहेको असमानता हटाउने छ ।

### मूल्यांकन पद्धतिको पुनरावलोकन:

वर्षको अन्त्यमा लिइने तीन घण्टाको परीक्षाले विद्यार्थीको वास्तविक क्षमता मापन गर्दैन । हामीले 'कन्टिन्युअस एसेसमेन्ट' र एआई आधारित ट्र्याकिङ सुरु गर्नुपर्छ, जहाँ विद्यार्थीले कति घण्टा र कति दिन स्कुलमा बितायो भन्दा पनि कति ज्ञान हासिल गर्‍यो भन्ने कुराले महत्त्व पाउनुपर्छ ।

### चुनौती र भविष्य

एआई स्कुलको अवधारणा सुन्दा जति आकर्षक छ, यसका चुनौती पनि त्यति नै छन् । स्क्रिन टाइमको व्यवस्थापन, मानवीय संवेदनाको कमी हुन नदिने र प्रविधिमा सबैको पहुँच पुर्‍याउनु ठूलो चुनौती हो । तर, परम्परागत शिक्षा प्रणाली असफलजस्तै भइसकेको अवस्थामा यो जोखिम लिनुको विकल्प छैन । अल्फा स्कुलले प्रमाणित गरिदिएको छ कि शिक्षाको उद्देश्य 'धेरै पढाउनु' होइन, 'राम्रोसँग सिकाउनु' हो । एआईले शिक्षाको पहुँचलाई लोकतान्त्रिक बनाउँदै छ । नेपालले समयमै यो प्रविधिलाई अंगीकार गर्न सक्यो भने हाम्रा बालबालिका विश्व बजारमा कसैभन्दा कम हुने छैनन् । *रासस*

पाठक मञ्च

## आर्थिक संकटकाबीच खर्च बढाउने बाटोमा सरकार

गत भदौ २३ र २४ गते मुलुकमा अनपेक्षित घटना भयो । जेन-जीहरूले गरेको प्रदर्शनले हिंसात्मक र ध्वंशात्मक रूप लिँदा सरकारी र निजी सम्पत्तिमा ठूलो क्षति पुगेको छ । सयौं सरकारी संरचना ध्वस्त हुँदा राज्यलाई खर्बौंको नोक्सानी भएको छ । त्यस्तै, निजी क्षेत्रले पनि दुई दिने प्रदर्शनमा ठूलो क्षति व्यहोरेका छन् ।

जनताले तिरेको कर र विदेशबाट ल्याएको ऋणबाट बनेको भवन र खरिद गरिएको गाडी खरानी भएको छ । सरकारलाई मात्र ८४ अर्ब बराबरको क्षति भएको छ । निजी क्षेत्रको क्षति पनि अर्बौंको छ । यो आन्दोलनमा झण्डै ८० जनाको ज्यान गएको छ भने हजारौं घाइते र अंगभंग भएका छन् ।

जेन-जी प्रदर्शन नियन्त्रणभन्दा बाहिर गएपछि केपी शर्मा ओलीले प्रधानमन्त्री पदबाट राजीनामा दिए । जेन-जीको बलमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्की प्रधानमन्त्री बनिन् । भदौ २७ गते प्रधानमन्त्रीको शपथ खाएकी उनको प्रमुख म्याण्डेट चुनाव गराउने हो । तर, सुशासनको ठूल्ठूला नारा दिने कार्की पनि पुरानै दलहरूको बाटो हिँडिरहेकी छन् ।

उनले पद सम्हालेपछि ५५ अर्ब ३६ करोड रूपैयाँ ऋण स्वीकृत गरिसकेकी छन् । जेन-जी आन्दोलनमा बितेकाभन्दा ४५ जना सहिद घोषणा गरेकोमा उनीहरूलाई प्रतिव्यक्ति १५ लाख रूपैयाँ क्षतिपूर्ति दिइएको छ । अन्य न सहिद घोषित भए न तिनका आफन्तले क्षतिपूर्ति पाए ।

सुशीला सरकारले यहीं भेदभाव गरेको छ । सहिद घोषणा भएकाको परिवारलाई महिनैपिच्छे भत्ता दिनुपर्छ । घाइतेहरूलाई उपचार गर्दा अर्बौं रूपैयाँ खर्च भइसकेको छ । राज्यले खर्च गरेपनि त्यो जनताले तिरेको कर हो । सहिदका आफन्तलाई वैदेशिक रोजगारीमा जानलाई कुनै शुल्क नलिने निर्णय कार्की नेतृत्वको मन्त्रिपरिषद्ले गरेको छ ।

उनीहरूलाई सरकारले आफ्नै खर्चमा विदेश पठाउने भनेको छ । जुनसुकै मुलुक गए पनि सरकारले खर्च व्यहोरिदिने छ । त्यस्तै, सरकारले घाइतेहरूलाई मासिक भत्ता पनि उपलब्ध गराउने निर्णय गरेको छ । देशभरका जिल्ला प्रशासन कार्यालयले गरेको वर्गीकरणको आधारमा नौदेखि १८ हजार रूपैयाँसम्म भत्ता दिने निर्णय भएको छ ।

सरकारले धमाधम छुट दिने र भत्ता बाँड्ने घोषणा गरिरहेको छ । तर, प्रश्न सरकारसँग स्रोत छ ? भन्ने हो । कहाँबाट ल्याएर हजारौं घाइतेलाई मासिक यत्रो भत्ता दिने ? उसैपनि देश वैदेशिक ऋणको दलदलमा फसेको छ । अर्थतन्त्र चौपट अवस्थामा छ । यस्तोमा घाइतेहरूलाई भत्ता बाँड्न र निःशुल्क विदेश पठाउन सम्भव छ ?

अर्कोतिर, पुनर्निर्माणको खर्च त्यसै छ । सुशीला सरकारले सस्तो लोकप्रियता बटुल्नका लागि देशको अवस्था नहेरिकन यस्ता निर्णय गरेकोजस्तो देखिन्छ । वैदेशिक ऋण २९ खर्ब ४२ अर्ब नाघिसकेको छ । सुशीला कार्की नेतृत्वको सरकारको खर्च पनि वैदेशिक ऋणले नै धानिरहेको छ । यस्तो अवस्थामा खर्च नियन्त्रण गर्ने नीति अपनाउनुपर्ने सरकार उल्टो बाटोमा लागेको त होइन ?

-रामचन्द्र राई, चावहिल

**जानकारी**

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । *-संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# हेलम्बुमा ह्युलठिम बनाइने




**काठमाडौं–** हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन ह्योल्मोले आदिवासी ह्योल्मोहरूको प्रथाजनित संस्था ह्युलठिम सम्बन्धी स्थानीय कानुन निर्माण गर्ने वचन दिएका छन् । 'ह्योल्मो समुदायको परम्परागत भूमि तथा वन व्यवस्थापन र संस्थागत संरचनाका बारेमा कानुनी सचेतना' कार्यक्रमका क्रममा भएको बहसमा अध्यक्ष ह्योल्मोले उक्त वचन दिएका हुन् ।

सिन्धुपाल्चोकको हेलम्बु र पाँचपोखरी थाङपाल, रसुवा र नुवाकोट ह्योल्मोहरूको सघन वस्ती भए पनि हेलम्बु ह्योल्मोहरूको मूल थाकथलो हो । ह्योल्मोहरूले विशिष्ट प्रथा, परम्परा र प्रथाजनित कानुनको अभ्यास यही ह्युलठिममार्फत हुने गर्दछ । 'हाम्रो परम्परालाई निरन्तरता दिनका लागि ह्युलठिम लगायत सम्पूर्ण सामाजिक, साँस्कृतिक तथा धार्मिक सम्पदाको संरक्षणका लागि स्थानीय कानुन आवश्यक देखियो,' ह्योल्मोले भने, 'यही माघमा हुने गाउँसभामा पेश गर्ने गरी कानुन निर्माण गर्छौं । सबै समुदायको मर्म र भावना समेटेर कानुन वनाउने काम हुन्छ ।'

नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)का उपाध्यक्ष अधिवक्ता शंकर लिम्बुले आदिवासीलाई पहिचानसहित बाच्ने अधिकार दिएको भएता पनि हाम्रो भूमिको अधिकार, प्रथाजनित व्यवहारलाई संरक्षण गर्ने कानुनको अभाव भएको बताए । कार्यक्रममा ल्हासाका लागि पूर्व नेपाली महावाणिज्यदूत विनोद लामा ह्योल्मोले आदिवासी ह्योल्मोको पहिचानका लागि धेरै संघर्ष गर्नू परेको उल्लेख गर्दै ह्युलठिमलाई कानुनी मान्यता दिन ढिलाई गर्न नहुने बताए ।

नेपाल ह्योल्मो समाज सेवा संघकी अध्यक्ष रेन्जेन डोल्मा ह्योल्मोले पनि आदिवासी ह्योल्मोको प्रथा परम्पराको संरक्षण गर्न ढिलाई गर्न नहुने बताइन् । कार्यक्रममा नेपाल ह्योल्मो महिला संघकी अध्यक्ष किन्जोओमु ह्योल्मोले प्रथाजनित संस्था जोगाउन समुदायका महिलाको भूमिकाबारे प्रकाश पारेकी थिइन् ।

यस अघि आफनो प्रस्तुति राख्दै आदिवासी अधिकारकर्मी टासी ह्योल्मोले ह्युलठिमको अभ्यासबारे जानकारी दिएका थिए । उनले बौद्ध धर्मावलम्बी ह्योल्मोहरूको भूमिलाई सातौ शताव्दी तिर नै 'भेह्युल' अर्थात गुप्त भूमिको उपमा दिएको ऐतिहासिक अवस्थालाई स्मरण गर्दे ह्योल्मो भूमि पवित्र धार्मिक भूमि रहेको र पछिल्लो समयमा अतिक्रमण बढेको बताए ।

कार्यक्रममा हेलम्बु गाउँपालिका वडा नम्बर २ का वडा अध्यक्ष पेम्बा लामा, वडानम्बर १ का वडा अध्यक्ष दावा ग्याल्जेन ह्योल्मो, गोकर्णेश्वर नपरपालिकाका कार्यपालिका सदस्य पासाङ वाङचु ह्योल्मो समेतले ह्योल्मो क्षेत्रमा लाङटाङ राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्रले पारेको प्रभाव बारे धारणा राखेका थिए । कार्यक्रम नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप), नेपाल ह्योल्मो महिला संघ र ह्योल्मो सञ्चार समूह समेतको संयुक्त आयोजनामा भएको थियो ।

# ऐतिहासिक पर्सागढीमा विजय उत्सव मनाइने

**वीरगञ्ज (पर्सा)–** ब्रिटिस इस्ट इण्डिया कम्पनीको फौजलाई गोर्खाली सेनाले पराजित गरेको ऐतिहासिक युद्धस्थल पर्सागढीमा विजय उत्सव मनाइने भएको छ ।

गोर्खाली सेनाले ऐतिहासिक जित हात पारेको अवसरमा पारेर यस वर्ष पनि २११औं विजय यही पुस १९ गते भव्य कार्यक्रम गरेर उत्सव मनाउन लागिएको पर्सागढी नगरपालिका प्रमुख गोकर्ण पाठकले बताए ।

उनले विभिन्न कालखण्डमा भएको क्रान्तिले मुलुकभित्र सत्तामात्रै परिवर्तन गरे पनि वि.सं. १८७१ पुस १८ र १९ गते नेपाल र ब्रिटिस इस्ट इण्डिया कम्पनी फौजबीच भएको युद्धले नेपाल जोगाउनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको स्मरणमा विजय उत्सव मनाउन लागिएको बताए ।

'गोर्खाली सेनाले पर्सागढीको युद्ध जितेकाले नेपाल नेपालको रूपमा रहिरहेको छ । त्यसैले पनि त्यो खास विजयलाई चिरस्थायी बनाउन पनि विजय उत्सव मनाउन लागेका हौं,' नगरप्रमुख पाठकले भने, 'अन्य नेपालका गढीहरू व्यवस्थित भए पनि पर्सागढी जग्गाको किचलोको कारणले व्यवस्थित गराउन समस्या भइरहेको छ । त्यसमा पनि यसपटकको समारोहले ध्यानाकर्षण गर्ने छ ।'

श्रीजंग गण पर्साका प्रमुख सेनानी लोकेन्द्र कार्कीले ब्याण्डबाजा, सेनाको ऐतिहासिक वेशभूषासहित पदयात्रा गरिने जानकारी दिए । 'नेपाली सेनाले राष्ट्रिय गीतमा विशेष प्रदर्शनी गर्ने योजना बनाएको छ,' उनले भने, 'विजयउत्सवलाई भव्य र सभ्य ढंगले मनाउन लागेका छौं ।'

पर्सागढी मन्दिर व्यवस्थापन समिति, नेपाली सेनाको श्रीजंग गण, पर्सागढी नगरपालिकाको सहकार्यमा विजयउत्सव मनाउन लागिएको हो । पर्सागढी मन्दिर व्यवस्थापन समितिका पूर्वअध्यक्ष वृजमोहन चौधरीले गोर्खाली सेनाले तत्कालीन ब्रिटिस सेनालाई हराएको ऐतिहासिक पर्सागढी जंगल क्षेत्र स्थानीयले कब्जा गर्दा यहाँ अन्य संरचना बनाउन समस्या भइरहेको गुनासो गरे । 'ऐतिहासिक पर्सागढीको जग्गा अतिक्रमणको चपेटामा परेकाले पनि यहाँ व्यवस्थित गराउन समस्या भइरहेको छ । हामीले अतिक्रमणमा परेको जग्गा फिर्ता ल्याउने कोसिस गरे पनि अहिलेसम्म सफल हुन सकिरहेका छैनौं,' पूर्वअध्यक्ष चौधरीले भने, 'आफ्ना सातौं पुस्ताका अग्रज रञ्जित चौधरीले गोर्खाली सेनासँग मिलेर ब्रिटिस फौजसँग युद्ध जितेको ऐतिहासिकस्थल भावी पुस्ताका निम्ति संरक्षण गर्नुपर्छ भनेर म पनि लागिरहेको छु । यसमा सबैको हातेमालो आवश्यक छ ।'

वि.सं. १८७१ पुस १८ र १९ गते नेपाल र ब्रिटिस इस्ट इण्डिया कम्पनी फौज पर्सागढीमा युद्ध भएको थियो । अंग्रेज फौजको नेतृत्व मेजर जनरल मार्लेअन्तर्गतका कप्तान सिब्लीले गरेका थिए भने नेपाली फौजको नेतृत्व भने रञ्जित चौधरीले गरेको बताइन्छ ।

साविक गाउँ झिगना, पचरुखी, चैनपुर, बागिश्वरी, बागवान, हरपुर, बिरुवा, बकनेर्वाका स्थानीय बासिन्दाले ठूलो संख्यामा स्थानीय हातहतियारसहित भैँसी तथा राँगाको सिङमा मसाल बाँधी दुवै खोलाको मुहान र दोभान छाडी गोर्खाली फौजको ठूलो संख्या आएको भान पारी अंग्रेजलाई त्यहाँबाट भगाएको कथन छ ।

यहाँ पर्सागढीको युद्धमा सक्रिय भूमिका निर्वाह गरेका रञ्जित चौधरीका कुलदेवता वन्हरबाबाको मन्दिर निर्माण गरिएको छ । पर्सागढी मन्दिरपरिसरमा धर्मशाला पनि सञ्चालनमा छ । समितिका अध्यक्ष चौधरीले पुराना हतियार संग्रह गरिए पनि संग्रहालय निर्माण गर्न नसकिएको बताए ।

पर्सागढी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष रामजनकप्रसाद चौधरीले स्थानीयको अतिक्रमणको पर्सागढीका नाममा हालसम्म डेढ बिघा जग्गामात्रै सीमित रहेको गुनासो गरे । 'विगतमा १८९ बिघा क्षेत्रफलमा युद्धस्थल रहेको विभिन्न रेकर्डले देखाउँछ, तर हाल यहाँको मुख्य संरचना पनि निजी व्यक्तिको नाममा रहेको छ,' उनले भने, 'पर्सागढीको ऐतिहासिक जग्गा संरक्षणका लागि तीनवटै सरकार सक्रिय भएर लाग्न जरुरत भइसकेको छ ।' *रासस*

# भोजपुरमा थपिए दुई हजार ३७९ मतदाता

**भोजपुर (प्रस)–** मतदाता नामावली अद्यावधिक भएसँगै भोजपुरमा आगामी निर्वाचनमा सहभागी हुने मतदाताको संख्या एक लाख २५ हजार ७६६ पुगेको छ ।

यसअघि यहाँ एक लाख २३ हजार ३७९ जना मतदाता थिए । जिल्ला निर्वाचन कार्यालयका प्रमुख डिकेन्द्र सुवेदीकाअनुसार निर्वाचन आयोगले गरेको मतदाता नामावली अद्यावधिकपछि जिल्लाको कूल मतदाता संख्या एक लाख २५ हजार ७६६ कायम भएको हो । निर्वाचन कार्यालयअनुसार कूल मतदातामध्ये ६५ हजार ७८८ जना पुरुष, ५९ हजार ९७७ जना महिला तथा एक जना अन्य मतदाता रहेका छन् ।

स्थानीय तहअनुसार भोजपुर नगरपालिकामा २० हजार १८९, षडानन्द नगरपालिकामा २१ हजार ८९६, अरुण गाउँपालिकामा १२ हजार ६४३, आमचोक गाउँपालिकामा १२ हजार ४४४, पौवादुङमा गाउँपालिकामा १० हजार ६६३ जना मतदाता कायम छन् । त्यसैगरी टेम्केमैयुङ गाउँपालिकामा १३ हजार ५५७, रामप्रसादराई गाउँपालिकामा ११ हजार ९००, साल्पासिलिछो गाउँपालिकामा आठ हजार ७२४ र हतुवागढी गाउँपालिकामा १३ हजार ७५० मतदाता छन् ।

### धवलागिरि अस्पताल भवन

# तीन पटक म्याद थप्दा पनि आधा काम

■ सन्तोष गौतम

**म्याग्दी–** तेस्रो पटक थपिएको समयअवधि पूरा हुन करिब छ महिना बाँकी रहँदा यहाँस्थित धवलागिरि गाउँपालिका-७ ताकममा निर्माणाधीन पालिकास्तरीय अस्पताल भवनको भौतिक प्रगति ६० प्रतिशत छ ।

तीन वर्षअघि सम्पन्न हुनुपर्ने पाँच शयचा क्षमताको अस्पताल भवन निर्माणको बाँकी छ महिनामा ४० प्रतिशत काम सम्पन्न गर्न चुनौती छ । गत साउन महिनादेखि रोकिएको भवन निर्माण मध्य हिँउदसम्म पनि सुरु नभएको म्याग्दी उद्योग वाणिज्य संघअन्तर्गतको धवलागिरि बजार एकाइका सभापति तेजेन्द्र थापाले बताए ।

भवन निर्माण पूरा नहुँदा म्याग्दीका अन्य स्थानीय तहको तुलनामा भौगोलिकरूपमा विकट र दुर्गम क्षेत्रमा अवस्थित धवलागिरिको ताकममा अस्पताल सञ्चालन गर्ने योजना कार्यान्वयनमा ढिलाइ भएको छ उनले गुनासो गरे ।

भवन निर्माणका लागि २०७८ वैशाखमा निर्माण कम्पनीले चार करोड ७९ लाख ४० हजार रूपैयाँमा धवलागिरि गाउँपालिकासँग ठेक्का सम्झौता गरेको थियो । सम्झौताअनुसार २०७९ असार १५ गतेभित्र भवन निर्माण सम्पन्न गर्ने लक्ष्य थियो ।

पाँच शयचा क्षमताको अस्पतालका लागि दुई तले १६ कोठे दुई तले भवन निर्माण गर्न लागिएको हो । आकस्मिक, अन्तरंग, बहिरंग, प्रयोगशाला, प्रशासनिक, औषधि भण्डारण, उपचारका लागि छुट्टा-छुट्टै कक्षसहितको भूकम्प प्रतिरोधी क्षमताको अपांगतामैत्री भवन बनाउन लागिएको हो । धवलागिरि गाउँपालिकाका पूर्वाधार शाखा प्रमुख लोकेन्द्र रावलका अनुसार हालसम्म ६० प्रतिशत भौतिक प्रगति भएको उक्त योजनाको तेस्रो पटक थप भएको म्याद आगामी असार महिनासम्म छ । मुख्य भवनको ढलान सकिए पनि फिनिसिङको काम सुरु भएको छैन ।

धवलागिरि गाउँपालिका-७ का वडाध्यक्ष अशोक खत्रीले ताकम आधारभूत अस्पताल भवनका ठेकेदारलाई काममा फर्काउन ताकेता गरिएको बताए । 'आर्थिक वर्षको अन्तिमतिर आउने ठेकेदार अन्य समयमा सम्पर्कविहीन हुन्छन्,' उनले भने, 'बैंक धरौटी जफत र कालोसूचीमा राख्ने प्रक्रिया अघि बढाउने विषयमा कार्यपालिकामा छलफल चलाएका छौं ।' निर्माण कम्पनीका प्रतिनिधि दीपक अदैले बर्खायाममा ढुवानी र प्रतिकूल मौसमका कारण रोकिएको अस्पताल भवन निर्माण कार्यलाई केही दिनमै सुरु गराउन मजदुर, निर्माण सामग्री ल्याएर आउने प्रतिबद्धता जनाए ।

भवन निर्माणको सुरुआतमा स्थानीय समस्याले गर्दा ढिलाइ भए पनि संघीय सरकारले पठाउने बजेटअनुसारको काम गर्दै आएको उनको भनाइ छ । सरकारले भुक्तानीका लागि बजेट उपलब्ध गराउन सके चालु आवमै भवन सम्पन्न गर्ने अदैले बताए । २०७७ पुस २२ गते तत्कालीन प्रतिनिधिसभा सदस्य भूपेन्द्रबहादुर थापाले भवन शिलान्यास गरेका थिए । संघीय सरकारको सबै पालिकामा आधारभूत तहको अस्पताल सञ्चालन गर्ने योजनाअनुसार ताकममा भवन निर्माण हुन लागेको हो । *रासस*


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
राष्ट्रिय ट्रमा सेन्टर
महांकाल काठमाडौं

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८२/०९/१८ गते)

यस अस्पतालबाट तपसिलमा उल्लेखित बिद्युतीय बोलपत्रहरूका सम्बन्धमा पेश भएका बोलपत्रहरु मध्ये निम्न बोलपत्रहरु बोलपत्र मूल्यांकन समितिबाट न्यूनतम् मूल्यांकित र सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट र सिफारिश भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र दफा ४७ (१) प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशील:

| सि.न. | बोलपत्र नं. | विवरण | छनौट भएको बोलपत्रदाताको नाम | कबोल अंक |
|---|---|---|---|---|
| १. | IFB.No:- NTrC/G/NCB/10-082/83 | The Procurement of Supply and Delivery of Printing Items | प्रोफेशनल ट्रेड लिंक, बानेश्वर, काठमाडौं | १४,३६,५२०।४१ |
| २. | IFB.No:- NTrC/G/NCB/04-082/83 | The Procurement, Supply and Delivery of Clothes items | क्रोनवाल विजनेश ट्रेडर्स, काठमाडौं | ३५,१९,५९९।७० |

प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट


# भोटखोलास्थित सीमास्तम्भ निरीक्षण



**किमाथांका (संखुवासभा)–** जिल्लाको उत्तरी क्षेत्र भोटखोला गाउँपालिका-१, किमाथांका नाकास्थित नेपाल-चीन सिमानामा रहेका सीमास्तम्भको निरीक्षण गरिएको छ ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर ४ अरुण गुल्म चैनपुरअन्तर्गतको सीमा सुरक्षा पोस्ट (बिओपी) किमाथांका, चिनियाँ प्रहरी र नेपाल प्रहरीको संयुक्त टोलीले नेपाल-चीन सिमानामा सीमा स्तम्भको निरीक्षण गरेको हो । उत्तरी क्षेत्र भोटखोला गाउँपालिका-१ किमाथांका नाकामा चीनको स्वशासित क्षेत्र तिब्बतसँगको सिमाना पर्ने नेपाल-चीन सिमानाका चारवटा सीमास्तम्भ निरीक्षण गरेको छ ।

उक्त टोलीले उत्तरी क्षेत्र भोटखोला गाउँपालिका-१ अन्तर्गत रहेका चारवटा सीमा स्तम्भको निरीक्षण गरेको सशस्त्र प्रहरी बल नेपाल नम्बर ४ अरुण गुल्म चैनपुरका प्रहरी नायब उपरीक्षक बाबुराम पौडचालले जानकारी दिए ।

संयुक्त सुरक्षा टोलीले किमाथांका नाकामा रहेका ६७, ६८/२, ६९/१ र ६९/२ नम्बरको सीमास्तम्भ र सीमाको अवस्थालगायतका विषयमा निरीक्षण गरेको सशस्त्र प्रहरी बल नेपाल नम्बर ४ अरुण गुल्म चैनपुरका सशस्त्र प्रहरी नायब उपरीक्षक पौडचालले बताए ।

संयुक्त टोलीले इलाकाको वस्तु स्थिति तथा सीमा चिह्नको अवस्थासमेत निरीक्षण गरेको छ । सशस्त्र प्रहरी बल सीमा सुरक्षा पोस्ट बिओपी किमाथांका इञ्चार्ज नवीन खतिवडा नेतृत्वमा ११ जना, चीनको स्वशासित क्षेत्र तिब्बतका डिएसपी दावाछिरिङको कमाण्डमा सातजना र नेपाल प्रहरीका पाँच जनाको संयुक्त टोलीले विभिन्न सीमास्तम्भको निरीक्षण गरेको छ । भोटखोला गाउँपालिकाका १, २ र ३ सिधै चीनको भू-भागसँग जोडिएका छन् । संखुवासभा जिल्लामा २१ वटा सीमास्तम्भ रहेका छन् । किमाथांकामा नेपाल-चीन अन्तर्राष्ट्रिय सीमास्तम्भ निक्कै पुरानो भएको बताइएको छ ।

गत जेठमा आएको बाढीले ७१/१ को सीमास्तम्भ बगाएर बेपत्ता बनाएको छ । किमाथांका नाकामा २०७६ मा सशस्त्र प्रहरी बल सीमा सुरक्षा पोस्ट स्थापना भएको हो । भोटखोला-१ स्थित दोंगोप्पाखोला र छोकाङ खोलामा बाढीले बगाएको ७१/१ सीमास्तम्भ हालसम्म फेला परेको छैन । भोटखोला गाउँपालिका-१, २ र ३ छिमेकी चीनको भू-भागसँग जोडिएका छन् । यस क्षेत्रमा करिब पाँच हजारको बसोबास रहेको छ भने यहाँ आलु र कोदोमात्र उत्पादन हुँदै आएको छ । किमाथांकावासी सीमापारिको चाँगा बजारमा गएर दैनिक रोजगारी गरेर जीविका चलाउँदै आएका छन् । खाँदबारीदेखि किमाथांका १६२ किलोमिटरको दूरीमा पर्दछ । *रासस*


लिखु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
यसम, ओखलढुंगा
कोशी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८२/०९/१८

यस कार्यालयबाट मिति २०८२/०८/११ गते सौर्य दैनिक पत्रिकामा प्रकाशित ठेक्का आव्हान सम्बन्धी सूचना अनुसार **E-Bid** मार्फत रितपूर्वक पेश हुन आएका बोलपत्रहरु मध्ये मूल्यांकन समितिको निर्णयानुसार देहाय बमोजिमको बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का न. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रू. (मु.अ.कर र P.S. सहित) |
|---|---|---|---|
| LRM/NCB/ WORKS/ 2082/83-07 | Construction of Bajhghare – Nigale Sichai Yojana, Likhu Rural Municipality – 2, Okhaldhunga | Seti Sinhadevi Construction and Suppliers Pvt. Ltd. | NRs. 15,92,486.77 |

प्रमुख प्रशासकीय अधिकृत

# प्रभाव दैनिक





## छिरिङलाई 'नेपाल नेशन्स अवार्ड'मा दुई अवार्ड

कलाकार छिरिङ शेर्पाले राजधानीमा सम्पन्न 'नेपाल नेशन्स अवार्ड २०२५'मा दुई अवार्ड जितेकी छन् । उनले शेर्पा मातृभाषा गीत 'स्यारखुम्बुकी साम्दिनी'बाट 'बेस्ट मोडल फिमेल–मदर ल्याङ्वेज सङ' तथा शेर्पा फिल्म 'टिनछेन फामा'बाट 'बेस्ट एक्ट्रिस' अवार्ड जितिन् । मन खुसी फाउन्डेसन बागमती प्रदेश तथा करण ड्रिम्स फाउन्डेसन केन्द्रीय समितिको आयोजनामा अवार्ड भएको हो । छिरिङ 'डान्सिङ विथ द स्टार्स नेपाल २०२२'की विजेता हुन् । उनले सन् २०२२ मै कालापत्थरमा भएको 'हाइएस्ट अल्टिच्यूड कोरियोग्राफ्ड डान्स अन लेण्ड पेयर' विधामा गिनिज वर्ल्ड रेकर्ड कायम गरेकी थिइन् ।




शुक्रबार, १८ पुस २०८२ (Friday, 2 January 2026)


# राजेश पायलको स्वरमा भुवनको 'जुनसँग के दाँजु र...' सार्वजनिक

■ प्रभाव संवाददाता



**काठमाडौं–** म्युजिक भिडियो मोडल भुवन लोहनीले आफ्नो रचनामा तेस्रो नयाँ गीत 'जुनसँग के दाँजु र...'को भिडियो पनि दर्शकमाझ ल्याएका छन् । केही वर्ष यताबाट अमेरिकामा बस्दै आएका उनी पछिल्लो समय गीत लेखनमा पनि क्रियाशिल छन् ।

यो गीतको भिडियोलाई उनले आफ्नो छोराको जन्म दिनको शुभ अवसरसँगै नयाँ वर्ष २०२६ को पूर्व सन्ध्यामा ओएसआर डिजिटलबाट रिलिज गरेका हुन् । गत महिना नेपाल आएको बेला भुवनले यो गीतको भिडियोको छायांकन गरेका हुन् ।

भुवनको रचनाको यो गीतलाई लोकप्रिय गायक राजेश पायल राईले गायका हुन् । यो आधुनिक गीतमा संगीतकार दिपक शर्माले संगीत गरेका छन् । गीतको सगीत संयोजन साहस शास्यले गरेका हुन भने यसमा मिक्सिङ तथा मास्टरिड किशोर थापाको रहेको छ ।

गीतको भिडियो निकै आकर्षक बनेको छ । भिडियोमा नव मोडल अर्विसा थापासँग गीतकार तथा मोडल भुवन लोहनी आफैंले मोडलिङ गरेका छन् । उनीहरूको जोडी आकर्षक देखिएको छ । यो गीतको भिडियोलाई उनले आफ्नो जन्म थलो लमजुङमा छायांकन गरेका हुन् । भिडियोमा सुन्दर दृष्य र मनोरम हिमालहरू समेटिएको छ ।

भिडियोको निर्मातामा सविता घले मोहनी रहेकी छिन् । यो गीतको भिडियोलाई कृष्ण बहादुर थापाले निर्देशन गरेका हुन् । छायांकन कृष्ण आफैंले भिडियो पनि खिचेका हुन् । छायांकार कृष्णले गीतको सौन्दर्य भावलाई दृश्यको माध्यमबाट भिडियोमा उतारेका छन् ।

# छायांकनमा 'बम बिहारी'

■ प्रभाव संवाददाता



**काठमाडौं –** नयाँ नेपाली चलचित्र 'बम बिहारी'को शुभ मुर्हत गरिएको छ । भक्तपुरमा रहेको हनुमान मन्दिरमा पुजा गर्दै चलचित्रको मुर्हुत गरिएको हो । साथै चलचित्रको छायांकन सुरु गरिएको छ । चलचित्रलाई डिएमएस मल्ले निर्देशन गर्दैछन् । उनको यो डेब्यु निर्देशकिय चलचित्र हुनेछ । उनले यो भन्दा अघि झण्डै ५० वटा म्युजिक भिडियोको निर्देशन गरेका छन् ।

चलचित्रको छायांकन तालिका एक महिना राखिएको निर्देशक मल्लले जानकारी दिएका छन् । उनका अनुसार छायांकन काठमाडौंसँगै नेपालगन्जमा पनि हुनेछ । सुरुमा काठमाडौंमा एकसाताको छायांकन चलचित्र युनिट नेपालगन्ज लाग्नेछ । नेपाली भूमिको आमा र भारतीय भूमिको बुबाको एक छोराको कथा 'बम बिहारी'मा छ । 'बम बिहारी' एक पात्रको नाम हो । उनकै वरिपरी चलचित्रको कथा घुम्नेछ । निर्देशक मल्लले भने, 'पछिल्लो समय चलचित्रमा नयाँ कलाकार भएपनि कथा र मेकिङ राम्रो छ भने दर्शक हलसम्म गएको उदाहरण धेरै छन् । त्यसैले मलाई विश्वास छ चलचित्र राम्रो हुनेछ र दर्शकलाई मन पर्नेछ ।' चलचित्रमा कथा र लगानी पनि निर्देशक डिएमएस मल्लकै रहनेछ ।

चलचित्रमा सुरबिर पण्डित, सुमन ज्योती न्यौपाने (ल्यांग्री दादा), ध्रुब बुढाथोकी, झरना रिसाल, सन्ध्या श्रेष्ठ, पुस्कर राउत र सम्राट क्षेत्रीको अभिनय रहनेछ । पछिल्लो समय थुप्रै म्युजिक भिडियोमा ब्यस्त कलाकार सुमन ज्योती न्यौपानेले चलचित्रमा आफू नकारात्मक भूमिकामा देखिन लागेको स्पष्ट पारे । उनले भनेका छन्, 'म यो फिल्मको बम बिहारी हुँ अर्थात टाइटल नै मेरो नाम हो । दर्शकले अहिलेसम्म सबैतिर नेगेटिभ भूमिकामै मन पराइदिनुभएको छ । यसमा पनि आशाराखेको छु ।'

यस्तै अर्की मुख्य कलाकार झरना रिसालले सातबर्ष पछि आफूले चलचित्रमा फेरी काम गर्न लागेको जानकारी दिइन् । उनले यसअघि 'भूमि द ग्रेट लेडी', 'परिणाम' र 'कसलाई आफ्नो भन्नु' चलचित्रमा काम गरिसकेकी छिन् । झरनाको यो चौथो चलचित्र रहनेछ । सुरेन्द्र बसेलको कोरियोग्राफी रहने चलचित्रमा सरोज बुढाथोकीको मेकअप रहनेछ । सुमन काफ्ले प्रोडक्सन म्यानेजर रहेको 'बम बिहारी' रामेश्वर हुमागाईंको टिमले खिच्दैछ भने गौतमराज खड्काले सम्पादन गर्दैछन् ।

मुख्य सहायक निर्देशक बिनयराज पौडेल हुन् भने सहायक निर्देशक पुरुषोत्तम पण्डित हुन् । चलचित्रमा अनुपम चौधरीको गीत रहनेछ ।



## सूर्य नेपाल सेन्ट्रल ओपन

# एमेच्योर राहुललाई उपाधि




■ प्रभाव संवाददाता

**काठमाडौं–** एमेच्योर राहुल विश्वकर्माले सुर्य नेपाल गल्फ टुर २०२५-२६ को पहिलो प्रतियोगिता- सूर्य नेपाल सेन्ट्रल ओपनको उपाधि जितेका छन् ।

करिअरको तेस्रो उपाधि जित्ने क्रममा साबिक विजेता राहुलले प्रोफेसनल खेलाडी जयराम श्रेष्ठलाई १४ स्ट्रोकको फराकिलो अन्तरमा हराए । राहुलले प्रो र एमेच्योर दुबैमा उपलब्धि हासिल गरे ।

प्रतियोगिताको अन्तिम दिन बिहीबार ४-अन्डर ६८ स्कोर गरेका राहुलले समग्रमा १४-अन्डर २ सय ७४ सहित उपाधि जितेका हुन् । जयराम श्रेष्ठले खराब प्रदर्शन गर्दै पाँच-ओभर ७७ स्कोर गर्दा समग्रमा इभन-पार दुई सय ८८ सहित दोस्रो स्थान प्राप्त गरे । प्रोतर्फ पहिलो भएका जयरामले एक लाख ७० हजार पुरस्कार प्राप्त गरे ।

समग्रमा दुई-ओभर दुई सय ९० को स्कोरमा तोरण विक्रम शाही र भुवन नगरकोटीले संयुक्तरूपमा तेस्रो स्थान प्राप्त गरे । तोरणले इभन-पार ७२ र भुवनले चार-अन्डर ६८ मा चौथो दिनको खेल सकाए । उनीहरूले एक लाख १२ हजार ५ सय नगद पुरस्कार हात पारे ।

नेपाल नम्बर एक प्रो निरज तामाङले समग्रमा तीन-ओभर दुई सय ९१ को स्कोरमा पाँचौं स्थान हात पारे । उनले तीन-अन्डर ६९ मा खेल सकाए । उनले ८२ हजार नगद पुरस्कार प्राप्त गरे ।

समग्रमा चार-ओभर दुई सय ९२ को स्कोरमा भुवन कुमार रोक्का, शुक्र बहादुर राई, दिनेश प्रजापति र एमेच्योर रूबेन थापा संयुक्तरूपमा छैटौं भए । भुवनले चार-ओभर ७६ खेल्दा शुक्र र दिनेशले दुई-ओभर ७४ मा खेल पुरा गरे । उनीहरूले ६४ हजार तीन सय ३३ रूपैयाँ प्राप्त गरे ।

एमेच्योर रूबेनले दुई-अन्डर ७० स्कोर गरे । रुबेन एमेच्योरतर्फ दोस्रो भए । अर्का एमेच्योर साम डोबलाई दशौं भए । उनले एक-ओभर ७३ को स्कोर सहित समग्रमा आठ-ओभर दुई सय ९६ स्कोर गरे ।

७२ होलको प्रतिस्पर्धामा ३७ प्रोफेसनल र २५ एमेच्योरगरि कूल ६२ खेलाडीको सहभागिता थियो । कूल पुरस्कार राशि १० लाख ५० हजार रूपैयाँ रहेकोमा कट बनाउने १८ प्रोफेसनल गल्फरले नगद प्राप्त गरे ।

प्रतियोगिताका विजयी खेलाडीहरूलाई सूर्य नेपाल प्रालिका 'डेप्युटी जनरल म्यानेजर' केशव प्रधान र नेपाल गल्फ संघ(एनजीए)का अध्यक्ष टासी घलेले पुरस्कार प्रदान गरे ।

# एनआरटीलाई हराउँदै लाङ्दीदेवी सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**लमजुङ–** 'ए' डिभिजन क्लब न्यूरोड टिम (एनआरटी)लाई टाइब्रेकरमा पाखा लगाउँदै लाङ्दीदेवी ३३औं त्रिवेणी कपको सेमिफाइनलमा प्रवेश गरेको छ ।

योसँगै एनआरटी प्रतियोगिताबाट बाहिरिने काठमाडौंको पाँचौं क्लब हो । यसअघि नै समाज कल्याण, श्री भगवती, चित्लाङ एफसी र सातदोबाटो युथ क्लब घर फर्किसकेका छन् । त्रिवेणी रंगशालामा बिहीबार सम्पन्न खेलमा लाङ्दीदेवीले टाइब्रेकरमा ९-८ को जित निकालेको हो ।

लाङ्दीदेवीका कप्तान आशिष गुरुङ, रणदीप पौडेल, सरोज गुरुङ, रोशन पहारी र पदम भट्टराईले गोल गरे । यस्तै, सुजन डंगोल, प्रमिज गच्छादर बिशण गुरुङ र गणेश हिमालले गोल गरे । आदित्य शाक्यले भने गोल गर्न सकेनन् ।

एआरटीका रोशन खड्का, सानेम लिम्बू, विज्ञान खड्का, कप्तान कृतिशरत्न छुन्जु, पुजन होना, विवेक गुरुङ, माइकल गर्बुजा र जुनियरले गोल गरे ।

चेतन थारु र शोता आत्सोमीले भने गोल गर्न सकेनन् । लाङ्दीदेवीले फाइनल प्रवेश गर्न अब 'ए' डिभिजन लिग च्याम्पियन चर्च बोइज युनाइटेड र लालीगुराँसबीचको विजेतासँग खेल्नेछ ।

# सन्दीप तेस्रो खेलमा पनि बेन्चमै

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली राष्ट्रिय टोलीका लेग स्पिनर सन्दीप लामिछाने बंगलादेश प्रिमियर लिग (बीपीएल)को तेस्रो खेलमा प्लेइङ ११ मा पर्न असफल भएका छन् ।

उनी आबद्ध राजशाही वारियर्सले अहिले रंगपुर राइडर्ससँग खेलिहेको छ । तर, यो खेलमा भने सन्दीपले आफ्नो स्थान बनाउन सकेनन् । सन्दीपले सिल्हेट टाइटन्स र ढाका क्यापिटल्सविरुद्ध खेलेका थिए । तर, यी दुई खेलमा उनी महँगो सावित भए । उनले दुई खेलमा ८ ओभर बलिङ गर्दै ९.१२ को इकोनोमीमा ७३ रन खर्चिए । यसक्रममा उनले ३ विकेट हात पारे । सिल्हेटविरुद्धको खेलमा ४ ओभर बलिङ गर्दै ३८ रन खर्चिएर २ विकेट लिएका थिए ।

ढाकाविरुद्ध भने समान ओभर गर्दै ३५ रन खर्चिएर १ विकेट लिएका थिए । त्यसपछि टोलीले नोआखली एक्सप्रेससँगको खेलमा बेन्चमा राखेको थियो । त्यसयता उनी टोलीमा अटाउन सकेका छैनन् ।


## साउदीमा रोजगार

कम्पनी : GHAITI FOR BEVERAGE EST

पूर्व स्वीकृति मिति : २०८२/०९/१७ | LT. No. 336448 | चलानी नं. ६०२५००२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD AND BEVERAGE SERVICE AGENT | 2 | 0 | 1200 | ४६,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २५ गते (9th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

